# सामुदायिक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह, (एम.एड.) द्वितीय
वर्षको आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता
परशु राम ओझा
परीक्षा क्रमाङ्क : २१४००५९
त्रि.वि.वि. दर्ता नं. : ९५८/८४
शैक्षिक वर्ष : २०६१/०६२

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कोसीहरैँचा, मोरङ

२०७२

सामुदायिक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था - परशु राम ओझा - शैक्षिक योजना तथा व्यवस्थापन विभाग - २०७२

# घोषणा पत्र

म यो घोषणा गर्दछु कि **समुदायिक विद्यालयमा वितरित छात्रवृति कार्यक्रमको अवस्था** विषयमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालना गरी तयार पारिएको छ । यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुबहु नसारी आफ्नो भाषाशैलीमा तयार पारिएको छ । यो अनुसन्धान तयार पार्दासम्म आज भन्दा अगाडि काँहिकतै पेश नगरी आफैँले तयार पारेको छु ।

परशुराम ओझा
एम. एड्. दोस्रो वर्ष

# शोधसार

**समुदायिक विद्यालयमा वितरित छात्रवृति कार्यक्रमको अवस्था** नामक यस शोध पत्रमा वितरण गरिने छात्रवृतिले विद्यार्थी अभिभावक र समुदायमा पार्ने प्रभावको लेखाजोखा तथा विश्लेषण गर्ने मुख्य उद्देश्य राखिएको छ ।

यो अध्ययन सामुदाकि विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमको प्रकृति र उद्देश्य अनुसार परिमाणात्मक र गुणात्मक दुवैखालका अनुसन्धान ढाँचामा आधारित भई तयार गरिएको छ । समस्याको अध्ययन गर्न विषयवस्तुका बारेमा शोधकर्ता कार्यक्षेत्रमा पुगी सहभागीहरूसँग औपचारिक तथा अनौपचारिक रूपमा सङ्कलन गरिएका तथ्याङ्क र सूचनालाई व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययन, अनुसन्धान उद्देश्यपूर्ण र सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरी विद्यालयको छनौट गर्नुका साथै उद्देश्यमूलक नमूना छनोट गरिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि छनोटमा परेका उत्तरदाताबाट आवश्यक सूचना लिन, अन्तवार्ता समूह छलफल, प्रश्नावली जस्ता अनुसन्धानका साधनको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । विद्यालयको अभिलेख, अध्ययन प्रतिवेदन र लेख रचनालाई सहायक तथ्यांकको रुपमा लिइएको छ । तथ्याङ्क संकलन गर्दा निर्माण गरिएका अवलोकन फारम, प्रश्नावलीलाई सम्बन्धित क्षेत्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स पदाधिकारी, स्रोत व्याक्ति, वि.नि. र अभिभावकसँग प्रत्यक्ष भेटघाट गरी खुल्ला तथा बन्द प्रश्नावली, समूह छलफल र अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलन ढाँचाको रुपमा लिइएको छ ।

सामुदायिक विद्यालयमा वितरित छात्रवृति कार्यक्रमको अवस्था विषयक यो अध्ययन प्रतिवेदनबाट छात्रवृत्ति पाए पश्चात विद्यार्थी उपस्थिती र उनीहरुको शैक्षिक उपलव्धीहरुमा सुधार आएको छ । छात्रवृत्तिको रकम प्रति अभिभावकहरु सन्तुष्ट हुन नसकेको पाईयो । छात्रवृत्ति कोटा वितरण पारदर्शी र प्रभावकारी हुन सकिरहेको छैन । छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रियामा एक रुपता हुन सकिरहेको छैन । छात्रवृत्ति कार्यक्रममा आधारहरु आर्थिक रुपमा पुनरावलोकन गर्न जरुरी रहेको पाइयो । सरकारी नीति अनुरुप छात्रवृत्ति कार्यक्रमहरु कार्यान्वयन भएको पाईएको छैन । नियमित रुपमा विद्यालयमा विद्यार्थी पठाउने, लक्षित समुहका अभिभावकहरुलाई र उच्च शैक्षिक उपलव्धी प्राप्त गर्ने विद्यार्थीहरुका अभिभावकहरुलाई समेत पुरस्कार दिने व्यवस्था गर्नु पर्ने

मत प्राप्त भएका छन् । छात्रवृत्ति वितरण गर्दा अनिवार्य रुपले व्यवस्थापन ससमितिको च वैठकबाट निर्णय गराई अभिभावक भेला गराई छात्रवृत्तिको महत्व दर्शाई वितरण गर्नु पर्ने मतहरु पाईयो । छात्रवृत्ति कार्यक्रमको अनुगमन, निरीक्षण तथा नियन्त्रण र निर्देशनका लागि जिल्ला देखि गाउँ सम्म निश्चित संयन्त्र वनाई सञ्चालन गर्नुपर्ने सुझाव पाईयो । छात्रवृत्ति जात विशेषका आधारमा नभई वास्तविक विपन्न वर्गलाई दिनुपर्ने सुझाव पनि पाइयो । छात्रवृत्ति लक्षित वर्गसम्म प्रभावकारी रुपले पुग्न नसकेको पाईयो ।

यस अध्ययन विश्लेषणबाट तुलनात्मक रुपमा शिक्षाको पहुँच नभएका वर्गलाई समान र न्यायोचित सहभागिता सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रम आवश्यक छ । छात्रवृत्ति कार्यक्रमलाई समावेशी करणको सिद्धान्त अनुसार सञ्चालन गरिनु पर्दछ । छात्रवृत्ति कार्यक्रमले समानता र समावेशी सिद्धान्तलाई अनुसरण गरेको पाइएन भने यसमा पारदर्शिताको अभाव अझ विद्यमान छ ।

छात्रवृत्ति सम्पूर्ण परिवारको आर्थिक तथा सामाजिक स्तरीकरण गरी वितरण गर्नुपर्दछ । जातिगत र लैङ्गीक रुपमा भन्दा पनि विपन्नताका आधार बनाउनु पर्दछ । छात्रवृत्ति कार्यक्रमलाई नितिगत रुपमै प्रभावकारी बनाउनु पर्दछ । सरोकारवाला निकायहरुले कडाइका साथ अनुगमन गरी कार्यन्वयनलाई पारदर्शि बनाउनु पर्दछ ।

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागएम.एड. दोस्रो वर्षको आंशिकआवश्यकता पूरा गर्न **समुदायिक विद्यालयमा वितरित छात्रवृति कार्यक्रमको अवस्था** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुतशोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्यसम्म नियमित सुपरिवेक्षण, मार्ग निर्देशन र अमूल्य सुझाव दिनुहुने सहायक क्याम्पस प्रमुख तथा शोध निर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठज्यू शोधलाई आवश्यक सुझाव प्रदान गर्नु हुने प्राध्यापक वा विभागीय प्रमुख श्री केशवराज भट्टराईज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

अध्ययनको क्रममा तथ्याङक एवम् सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमुना छनोटमा परेका विद्यालयको प्र.अ.,शिक्षक, सहयोगी कार्यकर्ता, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, विद्यार्थी र अभिभावकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अध्ययनका क्रममा अमूल्य सहयोग र सुझाव दिने मित्रहरूप्रति पनि आभार व्यक्त गर्दछु । शोधपत्र लेखन कार्यमा शुद्धाशुद्धि हेर्न सहयोग गर्नु हुने गुरू उमनाथ भट्टराईज्यूलाई पनि धन्यवाद दिन चाहन्छु साथै यस कार्यमा निरन्तर सहयोग पुऱ्याउने मेरी श्रीमती मिनादेवी ओझालाई हृदय देखि नै धन्यवाददिन चाहान्छु । अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोप्राइटर योगेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

मिति : २०७२,

परशु राम ओझा

# विषयसूची

| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| घोषणा पत्र | ख |
| सिफारिस पत्र | ग |
| स्वीकृतिपत्र | घ |
| शोधसार | ङ |
| कृतज्ञताज्ञापन | छ |
| तालिका सूची | झ |
| सङ्क्षिप्तशब्दको पूरा रूप | ञ |
| **परिच्छेद एक : परिचय** | |
| १.१. अध्ययनको पृष्ठभुमी | १ |
| १.२. समस्याको कथन | ६ |
| १.३. अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धन प्रश्नहरू | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ अध्ययनमा प्रयुक्त शव्दावलीको परिभाषा | ९ |
| **परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्वन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ पुनारावलोकनको उपादेयता | १३ |
| **परिच्छेद तीनः अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा | १६ |
| ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट | १६ |
| ३.३ तथ्याङ्कका स्रोतहरु | १७ |
| ३.४ तथ्याङ्क संकलनका साधनहरू | १७ |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | १७ |
| ३.६ तथ्याङक विश्लेषण प्रक्रिया | १७ |

## परिच्छेद चारः  तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताहरू १८

४.१.१ विद्यार्थीले प्राप्त गरीरहेका लाभहरू १९

४.१.२ अभिभावकले प्राप्त गरीरहेका लाभहरू २०

४.१.३ समुदायले प्राप्त गरीरहका लाभहरू २१

४.१.४ छात्रवृत्ति कार्यक्रमको रकम २२

४.१.५ छात्रवृत्ति वितरण प्रकृया २३

४.२ छात्रवृत्ति वितरणको आधार २६

४.२.१ विद्यार्थी संख्या २६

४.२.२ जातीगत आधार २७

४.२.३ भौगोलिक आधार २७

४.२.४ लैङ्गिक आधार २८

४.२.५. नियमितताको आधार २८

४.२.६. विद्यार्थी पृष्ठभूमिको आधार २९

४.३. छात्रवृत्ति कार्यक्रमका समस्या ३१

४.३.१. छात्रवृत्ति कोटा वितरणको समस्या ३१

४.३.२. छात्रवृत्ति निकासाको समस्या ३१

४.३.३. विद्यार्थी भर्ना सम्बन्धी समस्या ३२

४.३.४. विद्यार्थी उपस्थितिमा अनियमितताको समस्या ३२

४.३.५ छात्रवृत्ति वितरणको समस्या ३३

४.३.६ छात्रवृत्ति दुरुपयोग हुने समस्या ३४

४.४ छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन ३५

४.५ छात्रवृत्ति कार्यक्रम प्रभावकारी वनाउने उपाय ३७

४.५.१ उपयुक्त कानुनी व्यवस्था ३७

४.५.२ तथ्याङ्क व्यवस्थापनको सुदृढिकरण ३८

४.५.३ प्रशासनिक पारदर्शिता र व्यवस्थापन ३ ञ

४.५.४ छात्रवृत्तिका लागि उपयुक्त आधारहरुको खोजी ३८

४.५.५ विद्यार्थी भर्ना र स्थानान्तरणको प्रभावकारी व्यवस्थापन ३९

४.५.५ नियमित र प्रभावकारी विद्यालय निरीक्षण र अनुगमन ३९
४.६ प्राप्ति ३९

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४१
५.२ सुझावहरु ४२
५.२.१ नीतिगत तह ४३
५.२.२ कार्यान्वयन तह ४३
५.२.३ अनुसन्धान तह ४३
**सन्दर्भ सामग्रीहरु**
**अनुसूचीहरू**

# तालिका सूची


| तालिका सङ्ख्या शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| १. छात्रवृत्ति कार्यक्रमप्रतिको दृष्टिकोण | १८ |
| २. छात्रवृत्ति वितरण सम्बन्धी धारणा | २३ |

# चित्र सूची


| चित्र सङ्ख्या | विवरण | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | छात्रवृत्ति रकम प्रतिको दृष्टिकोण | २२ |
| २. | छात्रवृत्ति वितरण गर्ने समय | २४ |
| ३. | छात्रवृत्ति रकम वितरण किसिम (नगद वा जिन्सी) | २५ |
| ४ | छात्रवृत्ति कोटा वितरणको आधार | ३० |

# सङक्षिप्तशब्दको पूरा रूप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिकविद्यालय |
| प्रा.वि. | प्राथमिकविद्यालय |
| वि.व्य.स. | विद्यालयव्यवस्थापन समिति |
| वि.नि. | विद्यालयनिरीक्षक |
| जि.शि.का. | जिल्लाशिक्षाकार्यालय |
| गा.वि.स. | गाउँविकास समिति |
| स्रो.व्य. | स्रोतव्यक्ति |
| शै.सा | शैक्षिक सामग्री |

# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभुमी

हरेक देशका जनताको जीवनस्तरलाई माथि उकास्न प्रगति तथा समृद्धिका लागि आत्मवल अभिवृद्धि गर्नका साथै चेतनाको विकास गर्दै सक्षम, सुयोग्य र अनुशासित नागरिक तयार गर्ने कार्य शिक्षाले गर्दछ । शिक्षा विकासको अनिवार्य सर्त पनि हो । राष्ट्रका सम्पूर्ण भौगोलिक क्षेत्र, हरेक जातजाति, भाषा-भाषी र सम्प्रदायका मानिसहरुको पहुँचमा शिक्षा पुऱ्याउन अति आवश्यक छ । जवसम्म शिक्षा सर्वव्यापी र सर्वसुलभ हुदैन तव सम्म राष्ट्रको सर्वाङ्गिण विकास सम्भव हुदैन ।

राष्ट्रको विकास सरकार र समाजका सवै वर्ग , सवै सरोकारवालाहरुको योगदानबाट मात्र सम्भव छ भन्ने तथ्यलाई स्विकार गरिएको छ । समाजमा विध्यमान विभेद र असमानतालाई निराकरण गर्न स्पष्ट नितिको अभाव रहेसम्म मूलुकको चौतर्फी विकास सम्भव नहुने कुरा सर्व-स्वीकार्य भै सकेको छ । यस सन्धर्भमा समाजका हरेक वर्गलाई समता, समानता र न्यायका आधारभूत सिद्धान्तका आधारमा आर्थिक एवं समाजिक विकासका हरेक क्षेत्रमा अग्रसर गराउन छुट्टै पहल गर्न जरुरी देखिएको छ (शिक्षा विभागः २०६३) ।

खासगरी जवसम्म शिक्षाको पहुँच सवै वर्ग, समूदायसम्म पुऱ्याउन सकिदैन तवसम्म शिक्षामा समानता र गुणस्तर भन्ने कुरा कोरा नारा मात्र हुन पुग्दछ । अतः समाजका सवै वर्गलाई शिक्षाको मूल धारमा समेट्न विभिन्न छात्रवृत्ति तथा अन्य सहुलियतको व्यवस्था गर्नु महत्वपूर्ण कदम हुन जान्छ । यस्ता छात्रवृत्ति लगायतका सहुलियत दलित , जनजाती र आर्थीक विपन्नता र भौगालिक विकटताले पछि परेका छात्र-छात्राहरुमा लक्षित गरेको देखिन्छ ।

नेपालले अन्तराष्ट्रिय समुदायसँग सवैका लागि शिक्षा भन्ने प्रतिवद्धता सन १९९० मा भएको जोम्टियन सम्मेलन र सन् २००० मा भएको डकार सम्मेलन मार्फत जनाइ सकेको छ । यध्यपी नेपाल शिक्षा विकासको दृष्टिकोणले धेरै पछाडि छ । गरिवी र चेतनाको अभावले अझै पनि वालवालिकाहरु शिक्षाबाट वन्चित छन् । कतिपय अभिभावकहरु कपी, कलम र पोशाक समेत किन्न नसकेर आफ्ना वालवालिकाहरुलाई विद्यालय पठाउन नसकिरहेका छन् । विभिन्न आवधिक योजनाहरुले सवैलाई शिक्षाको पहुँच निश्चित गर्न विभिन्न छात्रवृत्ति तथा अन्य सहुलियत कार्यक्रमहरु अघि सारेको पाईन्छ ।  यस्ता कार्यक्रमहरुले कतिपय समस्याका अतिरिक्त साधन, स्रोत र प्रभावकारी व्यवस्थापनको अभावका कारण सिमान्तकृत तथा पिछडिएको वर्गको शिक्षामा सहभागितालाई उपलव्धिमूलक वनाउन नसकिएको अवस्था विद्यमान छ ।

शिक्षालाई रोजगामूलक, सीपयुक्त तथा उत्पादनमूलक वनाउन विद्यालय शिक्षाका साथै उच्च शिक्षा एवं प्राविधिक शिक्षाको सन्तुलित रुपमा विस्तार गर्नु आवश्यक हुन्छ । विभिन्न कारणहरुले महिला, जनजाती एवं दलित समूदायको शिक्षाको अवसरहरुमा पहुँच सीमित भईरहेको महसुस गर्न सकिन्छ । अतः तिनीहरुको सहभागिता गराउन आवश्यक छ । यसका लागि यस अघि सञ्चालन गरिएका छात्रवृत्ति कार्यक्रमको वस्तुनिष्ठ समीक्षा तथा छात्रवृत्ति कार्यक्रमको लक्ष्य, उद्देश्य र परिभाषा जस्ता पक्षमा व्यापक छलफल र बहस हुनु जरुरी देखिन्छ ।

छात्रवृत्ति भन्ने शब्द छात्र र वृत्ति दुइ खण्डको सम्योजनबाट बनेको छ । जसको अर्थ हुन्छ छात्र-छात्रा वा विद्यार्थीहरुलाई दिइने वृत्ति वा रकम । वृहत नेपाली शव्दकोषका अनुसार छात्रवृत्तिको अर्थ विद्यार्थीहरुलाई विद्या आर्जन गर्नका निमित्त दिइने सहयोग भनि उल्लेख गरेको पाइन्छ । यसर्थ समाजका हरेक पक्षलाई शिक्षाको समान तथा समतामुलक पहुँच दिन भइरहेका छात्रवृत्ति तथा अन्य आरक्षणयुक्त कार्यक्रमहरुको समय सापेक्ष विश्लेषण गरी ती कार्यक्रम कार्यान्वनमा समाजका सम्पूर्ण पक्षलाई सचेत गराउन एवम्, तिनीहरुलाई सक्रिय गराउन सहयोग भन्ने बुझिन्छ । यसबाट के बुझिन्छ भने छात्रवृत्ति भन्ने वित्तिकै शिक्षा आर्जनका लागि विद्यार्थीलाई दिइने सहयोग हो ।

छात्रवृत्ति मौद्रिक वा गैर मौद्रिक हुन सक्दछ । विद्यार्थीलाई प्रत्यक्ष रुपमा तोकिएको रकम दिएमा त्यस्तो छात्रवृत्तिलाई मौद्रिक भन्न सकिन्छ भने विद्यार्थीको निम्ति कुनै शिक्षालयमा पढ्न, बस्न, खान वा शैक्षिक सामग्री सहयोग गर्नुलाई गैर मौद्रिक भन्न सकिन्छ । शिक्षामा प्रदान गरिने प्रत्यक्ष वा अप्रत्यक्ष लगानिको कुनै पक्षमा छात्रवृत्ति दिन सकिन्छ । अभिभावकलाई प्रोत्साहित गरि पढाइमा सहयोग गर्न सकिन्छ भने त्यसलाई अप्रत्यक्ष छात्रवृति भन्न सकिन्छ ।

नेपालको पौराणिक कालदेखि नै कुनै न कुनै रुपमा छात्रवृत्तिको व्यवस्था भइरहेको देखिन्छ । पौराणिक कालमा गुरुकुलमा बसेर निःशुल्क शिक्षा लिने प्रचलन देखिन्छ भने लिच्छवी र मल्ल कालमा पनि विभिन्न गुठीहरु सञ्चालन गरी विद्यार्थीहरुलाई भोजन तथा बसोबासको व्यवस्था गरेको पाइन्छ । वाइसे चौविसे राज्य कालमा पनि शिक्षाको प्रचलन र गुठीको व्यवस्था गरी शैक्षिक संस्था सञ्चालन गरेको देखिन्छ । त्यस्तो शैक्षिक संस्थामा विभिन्न सहुलियत र निःशुल्क दिने गरेको पाइन्छ । शाह कालमा पृथ्वी नारायण शाहले संस्कृत र फारसी पढ्न नागरिकहरुलाई छात्रवृत्ति दिइ भारत पठाएको र सैनिकका टुहुरा छोराछोरीहरुलाई राज्यको तर्फबाट छत्रवृत्ति दिने गरेको देखिन्छ । त्यसपछि संस्कृत पाठशालाहरु शुल्क नलिइकन परोपकारी दानबाट सञ्चालन भएको पाईन्छ (पौडेल २०५५) ।

शिक्षाको कालोकाल भने पनि राणाकालमा पनि संस्कृत शिक्षा गुठिहरुमा सञ्चालन भएको, वीर शमसेरले रानीपोखरी पाठशाालाका १० उत्कृठ विद्यार्थीहरुलाई छात्रवृत्ति दिइ उच्च शिक्षाको लागि विदेश पठाएको,  शिक्षाका लागि गेहेन्द्र शमसेर लगायत पाँच जना जापान पठाईएको, चन्द्रशमसेरले त्रि-चन्द्र कलेज र दरवार स्कूलमा पढ्ने जेहेन्दार विद्यार्थीको लागि रु.सात सय र रु.तीन सयको कोष व्यवस्था गरी किताव र खाजाको व्यवस्था गरेका, उद्यम विकासको लागि तालिमको लागि गान्धी आश्रम पठाएको,  मोहन शमसेरले आठ जना महिलालाई भारतको मधुवनीमा चर्खा सम्वन्धी तालिममा सहभागि हुन पठाएको जस्ता शैक्षिक छात्रवृत्ति तथा सहयोगको उदाहरणहरु राणाकालमा पाउन सकिन्छ ।

२००७ साल पछि शिक्षा विकासका लागि विभिन्न आयोगहरु गठन भई शिक्षा क्षेत्रमा सुधारका सुझावहरु आएको पाईन्छ । यस्ता प्रत्येक आयोगले छात्रवृत्तिको व्यवस्था हुनु पर्ने कुरामा जोड दिएको पाईन्छ । छात्रवृत्ति गरिवीको रेखामूनि रहेका दलित जनजाती र अल्पसंख्यक समूदायमा वढि हुनु पर्ने, ति प्रतिवेदनको सुझाव छ । वि.सं. २०१३ साल देखि शुरु भएका आवधिक योजनाहरुमा शिक्षा मन्त्रालय अन्तरगत विभिन्न छात्रवृतिको व्यवस्था गरेको पाईन्छ । विभिन्न सम्वद्ध नीति तथा कार्यक्रमहरुमा पनि कुनै न कुनै रुपमा छात्रवृत्तिको कुरा उठान गरेको पाईन्छ । विभिन्न परियोजनाहरु लागु भएपछि विशेष गरि प्राथमिक तहमा छात्रवृत्तिमा व्यापक रुपमा वृद्धि र विस्तार भएको पाईन्छ ।

नेपालमा पिछडिएको जाती, वर्ग, समूदाय र जेहेन्दार विद्यार्थीहरुका लागि कुनै न कुनै रुपमा छात्रवृत्ति वा निःशुल्क अध्ययनको व्यवस्था गर्ने नीतिगत व्यवस्था २००८ साल देखि शुरुवात भएको पाईन्छ । योजनावद्ध विकासको शुरुवात २०१३ सालमा भए यता प्रत्येक योजनामा शिक्षासँग सम्वद्ध नीति तथा कार्यक्रममा शैक्षिक वृत्ति तथा सहुलियतको व्यवस्था हुने गरेको पाईन्छ । प्रथम पञ्चवर्षीय योजना (२०१३/१४-२०१७/१८) मा केन्द्रीय पुस्तकालय र केन्द्रीय छात्रावासको स्थापना हुनुका साथै वन, कृषि, ग्रामिण विकास ,इन्जिनियरिङ, गृह विज्ञान, शिक्षा , घरेलु उद्योग जस्ता विषयमा तालिम सहुलियत दिएको पाईन्छ । दोश्रो त्रि-वर्षीय योजनामा विद्यालय विस्तारलाई वढी प्राथमिकता दिइएको पाईन्छ । तेश्रो पञ्चवर्षीय योजनामा शिक्षक तालिमका लागि सहुलियत दिइए पनि  प्रत्यक्ष छात्रवृत्तिको व्यवस्था भएको पाईदैन ।

चौथो योजनामा कक्षा ५ पढेका विद्यार्थीलाई स्कूल वा तालिम केन्द्रमा सम्मिलित गराउन योग्यताका आधारमा छात्रवृत्ति दिई हिमाली क्षेत्रमा शिक्षक उपलव्ध गराउने उल्लेख थियो । उक्त योजनामा ३० वटा छात्रावास वनाउन ५० प्रतिशत अनुदानको व्यवस्था गरेको पाईन्छ । पाँचौं

योजनाले प्राथमिक तहलाई निःशुल्क गरेको पाईन्छ । जेहेन्दार गरिव विद्‍यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने , दुर्गम क्षेत्र तथा पिछडिएका वर्गका लागि छात्रवृत्ति , लाटा, वहिरा, अन्धा तथा अन्य किसिमका अपाङ्‍गहरुका लागि भौतिक सुविधा र उपकरणहरु उपलव्ध गराउने कार्यक्रम रहेको पाईन्छ । छैठौं योजनाको नीतिमा शैक्षिक दृष्टिकोणले पछि परेका क्षेत्र तथा महिला वर्गहरुमा शिक्षाको अवसर प्रदान गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने उल्लेख छ । जस अन्तरगत गरिव तथा जेहेन्दार छात्रवृत्ति, श्री ५ महेन्द्र- रत्न छात्रवृत्ति, श्री ५ महेन्द्र छात्रवृत्ति, दुर्गम क्षेत्रका लागि छात्रवृत्ति, श्री ५ विरेन्द्र-ऐश्वर्य छात्रवृत्ति सञ्चालित थिए । सातौं योजनामा महिलाको शिक्षा विकासकाका निमित छात्रवृत्ति तथा छात्रवासको व्यवस्था गरिएको थियो । आठौं योजना देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु गरी प्राथमिक तहमा छात्रवृत्ति विस्तार गरिएको पाईन्छ । साथै यस योजनाले क्रमशः मध्यमिक तह निःशुल्क गर्दै लौजाने नीति लिइएको देखिन्छ ( आर्याल, निरौला र कोइराला, २०६४) । नावौं योजनामा छात्रवृत्ति कार्यक्रमलाई ६५ जिल्लामा कोटाका आधारमा छात्रालाई छात्रवृत्ति र १० दुर्गम जिल्लामा प्रा.वि.छात्रवृत्ति-१,६२,४०४, स्थानीय छात्रवृत्ति-५८,०४१, क्याम्पस छात्रवृत्ति-२,३७६, अपग्रेडिङ छात्रवृत्ति-१,८०४ जनालाई उपलब्ध गराइएको थियो । कक्षा १ देखि ५ सम्म रु.२५ का दरले १० महिना सम्म उपलब्ध गराउने कार्यक्रम रहेको दिवा खाजा कार्यक्रम १२ जिल्लामा सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको पाईन्छ । दशौं पञ्चवर्षीय योजनामा गरिबीको रेखामुनि परेका दलित, पिछाडिएका जनजाती, महिला तथा अपाङ्‍गहरुलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने, निजी क्षेत्रबाट सञ्चालित विद्‍यालयहरुले समेत लक्षित वर्गको कम्तिमा ५ प्रतिशतलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने नीतिगत व्यवस्था गरेको पाईन्छ । यस अघिको योजनाले सुरुवात गरेको छात्रवृत्ति कार्यक्रमहरुले समेत निरन्तरता पाएको देखिन्छ । त्रि-वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) मा आधारभुत शिक्षा अन्तरगत १-८ संरचना लागू गर्ने , दलित परिवारका ७,९०,००० बालबालिकालाई बार्षीक रुपमा छात्रवृत्ति दिने, ३१,८०,००० छात्रालाई छात्रवृत्ति दिने, कर्णाली अञ्चलका सामुदायिक प्रा.वि..मा अध्ययनरत छात्रकालागि मासिक रु १००।- का दरले १० महिनाका लागि छात्रवृत्ति दिने, ४४,००,००० विद्यार्थीका लागि विद्‍यालय सुधार योजनाका आधारमा तराईमा रु २७५।-, पाहाडमा रु. ३००।- र हिमाली क्षेत्रमा रु. ३२५।-का दरले अनुदान दिने, कर्णाली अञ्चलका ५ जिल्ला सहित २६ जिल्लामा १६,८०,००० विद्‍यार्थीका लागि दिवा खाजा तथा खाने तेल वितरण, ३२,४०० अपाङ्‍ग विद्यार्थीका लागि छात्रवृत्ति दिने नीति रहेको उल्लेख छ । माध्यमिक तहमा १,८०,००० छात्रालाई प्रतिवर्ष रु.१,७००।- का दरले, १४,२८२ छात्रालाई मासिक रु १५०।- का दरले १०

महिनासम्म छात्रवृत्ति दिने, दलितलाई निःशुल्क पढ्ने व्यवस्थाका लागि विद्यालयलाई प्रत्येक विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति अनुदान दिइने व्यवस्था गरेको पाईन्छ । महिला, दलित, आदिवासी, जनजाती, मधेसी, अपाङ्ग, गरिब, विस्थापित र पाछाडि पारिएका वर्ग तथा विस्थापितहरुबाट १,२०० जनालाई प्राविधिक शिक्षामा छात्रवृत्ति दिने व्यवस्था गरेको छ (आर्याल, निरौला र कोइराला २०६४) ।

शिक्षाा नियमावली २०५९ मा निम्न अनुसारको कानुनी व्यवस्था रहेको पाईन्छ । विद्यालयको प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरुलाई क्रमशः शतप्रतिशत र ५० प्रतिशत शुल्क मिनाह गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको १० प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाती विद्यार्थीलाई छात्रवृत्ति दिनु पर्ने व्यवस्था रहेको छ । छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयमा यस्तो छात्रवृत्तिका लागि निवेदन दिने गरि विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ । सामुदायिक विद्यालयले गरिबीको रेखा मुनी रहेका दलित, जनजाती र महिला लगायत अन्य विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने रहेको छ । नेपाल सरकारले वार्षिक कार्यक्रम अन्तर्गत ल्याउने छात्रवृत्ति कार्यक्रमको नामाकरण भने परिवर्तन गर्ने गरेको समेत पाइन्छ । हाल नेपालमा सरकारी तवरबाट वितरित छात्रवृत्तिको मुख्य रुपले निम्नानुसार उल्लेख गर्न सकिन्छ । दलित छात्रवृत्तिः- कक्षा १-१० मा अध्ययनरत सबै दलित विद्यार्थीहरुलाई बार्षिक रु.५०० का दरले प्रदान गर्ने छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति :- कक्षा १-८ मा अध्ययनरत अपाङ्गहरुको श्रेणी निर्धारण गरी वार्षिक रुपमा छात्रवृत्ति प्रदान गर्ने (छात्रवृत्ति श्रेणी क लाई रु १३,०००।-, श्रेणी ख लाई रु ५,०००।-, श्रेणी ग लाई रु ३,०००।-, श्रेणी घ लाई रु. ५००।- दिने गरिएको) , सीमान्तकृत समूहका विद्यार्थीहरुलाई वार्षिक रुपमा वितरण गर्ने छात्रवृत्ति, कक्षा ६-१० मा अध्ययनरत विद्यार्थीलाई कोटाका आधारमा वार्षिक रुपमा रु १,७००।- का दरले वितरण गर्ने छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्तिः- कक्षा ६-१० मा अध्ययनरत विद्यार्थीलाई कोटाका आधारमा वार्षिक रुपमा रु १,७००।- का दरले वितरण गर्ने छात्रवत्ति, स्थानीय छात्र-छात्रवृत्ति कार्यक्रम :- प्राथमिक शिक्षापछि विद्यालय शिक्षामा निरन्तरता दिन तथा आर्थिक कारणले विचैमा विद्यालय छोड्ने दरलाई कम गर्ने अभिप्रायले कोटाका आधारमा नि.मा.वि. र मा.वि तहहरुमा वितरित छात्रवृत्ति र सहिदका छोराछोरीहरुका लागि छात्रवृत्ति (यस कार्यक्रमले सहिदका छोराछोरीलाई पूर्व प्राथमिक शिक्षा देखि उच्च शिक्षा सम्मको निःशुल्क शिक्षा उपल्ब्ध गराउने व्यवस्था गरेकोछ ।)

यसरी हालसम्मको इतिहास हेर्दा विद्यालय तहमा छात्रवृत्ति कार्यक्रमहरुका विविध स्वरुप सञ्चालन भएपनि कार्यक्रमले जुन तह र समुदयलाई समेट्नु पर्ने हो, त्यहि रुपमा समेट्न नसकेको गुनासो सुनिएको सन्दर्भमा वर्तमान छात्रवृत्ति कार्यक्रमले समाजमा के कस्तो प्रभाव पारेको छ । छात्रवृत्तिबाट समाजले प्राप्त गरेका लाभहरुको लेखाजोखा गर्न सामुदायिक विद्यालय छात्रवृत्ति कार्यक्रमको अवस्थाको शोधकार्य गर्ने जमर्को गरिएको छ ।

## १.२. समस्याको कथन

समाज र राष्ट्रको मेरुदण्डको रुपमा शिक्षा स्थापित भै सकेको यस युगमा अझै पनि कतिपय बालबालिकाहरु शिक्षाको अवसरबाट वञ्चित छन् । विद्यालय गएकाहरुको उपलब्धी सन्तोषजनक देखिदैन । साथै उपलब्धीको स्तर समेतमा ठुलो भिन्नता देखिन्छ । समाजका सम्पन्न र विपन्न बालबालिकाका लागि शिक्षाका निकाय र अवसर पनि फरक फरक हुँदै गएको छ । यसलाई कम गर्न र समाजका हरेक वर्ग, लिङ्ग, जातजातीका वालवालिकालाई शिक्षाको समान अवसर सृजना गर्न करोडौं रकमको छात्रवृत्ति कार्यक्रमहरु सञ्चालित छन् । यस्ता कार्यक्रमहरुले समेत सामाजिक न्याय स्थापीत गर्न नसकेको गुनासो उठीरहेको छ । विद्यालय तहमा दिइने छात्रवृत्तिको वितरण गर्ने आधारहरु तथा प्रक्रियाहरु पारदर्शी हुन नसकेको, बास्तविक विपन्न वर्गसम्म छात्रवृत्ति रकम नपुगेको, छात्रवृत्ति रकम सदुपयोग नभएको गुनासोहरु सुनिने गरेका छन् । यस्ता गुनासोहरुलाई मध्यनजर गर्दै विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमको अवस्थाका बारेमा समाजका व्यत्तिहरुका धारणहरु र दृष्टिकोणहरु संकलन गरि विश्लेषण गर्ने उद्देश्यले सामुदायिक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रम एक अध्ययन सोध शीर्षक चयन गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

कुनै पनि देशका बालबालिकाहरुले शिक्षा प्राप्त गर्न पाउनु मानवीय नैशर्गीक अधिकार हो । यसै कुरालाई सन् १९४८ डिसेम्बरमा संयुक्त राष्ट्र संघले मानव अधिकार सम्बन्धी विश्व व्यापी घोषणा पत्र पारित गरेको थियो । कुनै पनि देशले आफ्नो देशका सबै वर्ग, लिङ्ग र जातजातिका बालबालिकाहरुलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो । यसै कुरालाई मनन् गर्दै विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने प्रयास भइरहेको पाईन्छ । विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रम यस्तै प्रयासहरु मध्ये एक हो । यस्तो छात्रवृत्ति कार्यक्रमले आ-आफ्नो विशेष उद्देश्य पनि राखेको हुन्छ । तिनको वितरण प्रक्रिया र

वितरणका आधारहरु पनि तय गरिएका हुन्छन् । ती छात्रवृत्ति कार्यक्रमले राखेका उद्देश्य र भावना अनुसार त्यस्ता छात्रवृत्तिहरु वितरण गरिनु पर्दछ । तबमात्र छात्रवृत्ति सहि रुपमा लक्षित वर्ग र समुदायका छात्र-छात्रामा पुगी निर्दिष्ट गरिएका लक्ष्य र उद्देश्य हासिल गर्न सहयोग पुग्न गई सामाजिक लाभ प्राप्त हुन्छ ।

शिक्षा समाज विकासको एक सशक्त माध्यम हो । शिक्षा समाज भन्दा टाढा जान सक्दैन । शिक्षाले समाजको हरेक पक्षमा सुधार गर्न सहयोग गरेको हुन्छ । इमाइल दुर्खिमका अनुसार शिक्षाले समाजका आवश्यकता पुरा गर्दछ । सामाजिक विकासमा सहयोग पुर्‍याउँछ र सामाजिक परिवेशले शिक्षाको निर्धारण गर्दछ । जोन डिवेले विद्यायलाई सानो समाजको रुपमा व्याख्या गरेका छन् । तसर्थ शिक्षाका लक्ष्य र उद्देश्य निर्धारण गर्न र ति लक्ष्य र उद्देश्य पुरा गर्न समाजको आवश्यकता पर्दछ । समाजका हरेक क्षेत्रमा संलग्न व्यत्तिहरुको सक्रिय सहयोग सहभागितामा मात्र शिक्षाले समाजको उन्नति गर्न र सामाजिक न्याय दिलाउन सक्दछ । शिक्षाका कार्यक्रमका हरेक पक्षमा समाजका व्यत्तिहरु, प्राध्यापक, अभिभावक, शिक्षक, अधिकारकर्मी, प्रशासक, व्यवस्थापक र समाजसेवी राजनितिज्ञहरुको दृष्टि कोण र भावनाहरु समेटीनु पर्दछ । साथै हरेक शैक्षिक कार्यक्रमले समाजलाई सामाजिक लाभहरु दिन सक्नुपर्दछ ।

सामुदायिक विद्यालयहरुमा वितरण गरिने छात्रविृत्ति कार्यक्रमले समाज, व्यक्ति, परिवारलाई के-कसरी, कति  सहयोग र लाभहरु दिन सक्दछ । यस्ता वितरित छात्रवृत्तिहरु कस्ता-कस्ता प्रकृतीका र कुन-कुन तहमा हुने गर्दछन् ? समाजका मानिसहरुको सोचाई, अवधारण र दृष्टिकोण कस्तो छ ? छात्रवृत्तिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पार्दछ ? कस्ता वर्गहरुमा छात्रवृत्ति दिइनु पर्दछ ? लक्षित बर्गसम्म छात्रवृत्तिको प्रभाव पुर्‍याउन के कस्ता आधारहरु हुन सक्दछन् ? तहगत छात्रवृत्तिको प्रभाव कस्तो छ ? जस्ता प्रश्नहरुको निरुपण गर्न यो अध्ययन महत्वपूर्ण हुनेछ भन्ने विश्वास गरिएको छ । अध्ययनले समाजका व्यक्तिहरुको राय, धारणा बुझ्नुका साथै तिनीहरुलाई शैक्षिक छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन गर्न र वितरण प्रक्रियामा देखिएका समस्याको आवश्यक सुधार गर्न सघाउने अपेक्षा गरिएको छ । साथै अध्ययनबाट यस कार्यमा सम्लग्न योजनाकारलाई परिमार्जित र रचनात्मक कार्य गर्न सहयोग मिल्ने आशा गरिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका प्रमुख उद्धेश्यहरु निम्नानुसार हुनेछन् :

१) समूदायीक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको लेखाजोखा गर्नु ।
२) छात्रवृत्ति वितरणका आधारहरुको विश्लेषण गर्नु ।
३) वितरण गरिने छात्रवृत्ति कार्यक्रमका समस्याहरु पहिचान गर्नु ।
४) छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन सुझाव दिनु ।

## १.५ अनुसन्धन प्रश्नहरू

१) के समाजका व्यक्तिहरु विद्यालय छात्रवृत्ति कार्यक्रमबाट लाभान्वित छन् ?
२) छात्रवृत्ति लक्षित वर्गसम्म पुग्न सकेको छ ?
३) छात्रवृत्ति वितरणका आधारहरु सहि छन् ?
४) छात्रवृत्तिको रकमप्रति विद्यार्थी तथा अभिभावक सन्तुष्ट छन् ?
५) छात्रवृत्ति उपयुक्त समयमा वितरण गरिएको छ ?
६) छात्रवृत्ति कसरि वितरण गरिनु पर्दछ ?
७) छात्रवृत्तिका लागि खास लक्षित वर्ग कुन कुन हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

साधन स्रोतको सिमितताका कारण यस अध्ययनलाई तेह्रथुम जिल्ला, म्याङ्लुङ स्रोत केन्द्रका सामुदायिक विद्यालयमा सिमित गरिएको छ । समाजका व्यक्तीहरु , शैक्षिक प्रशासक तथा निरीक्षक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विद्यालय तहमा दिईने छात्रवृत्तिको सामाजिक दृष्टिकोण , छात्रवृत्ति कार्यक्रमका सामाजिक लाभहरु , छात्रवृत्ति वितरणका आधारहरु , समस्या र समाधानका उपायाहरुमा केन्द्रित रहने छ । अध्ययनको निश्कर्षले राष्ट्रको प्रतिनिधित्व गर्न सक्ने सम्भाना कम देखिन्छ । यसलाई सिमित मात्रामा सामान्यीकरण गर्न सकिने छ । अध्ययन सामूदायीक विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रममा मात्र केन्द्रित भएकाले अन्य विद्यालय र प्रणालीसँग मेल खाँदैन ।

## १.७ अध्ययनमा प्रयुक्त शव्दावलीको परिभाषा

यस अध्ययनको सिलसिलामा प्रयोग गरिएका शब्दावली तथा वाक्यहरुको अर्थ देहाय वमोजिम लाग्ने छ :

छात्रवृत्ति : विद्यार्थीलाई विद्या आर्जन गर्न दिइने जीविकाको साधन ।

विद्यालय तह : पूर्व प्राथमिक तह देखि कक्षा १२ सम्मको शिक्षा दिने निकाय ।

सामूदायीक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी स्विकृत विद्यालय

अभिभावक : विद्यार्थीको बाबु, आमा , दाजु, दिदी , संरक्षक वा पठन पाठनको व्यवस्था मिलाउने व्याक्ति ।

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्विकृत विद्यालय ।

मन्त्रालय : शिक्षा तथा खेलकुद मन्त्रालय ।

नियमावली : शिक्षा नियमावली २०५९

कार्यालय : जिल्ला शिक्षा कार्यालय ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

प्राथमिक तहमा छात्रा छात्रावृत्तिले छात्रा संख्या वृद्धि भएको , कक्षा छोड्ने र दोहोरयाउने दर कम भएको , आर्थिक कठिनाईले गर्दा विद्यालय पढ्न नसकिरहेका वालवालिकाहरुलाई विद्यालयसम्म पुग्न प्रोत्साहन मिलेको उल्लेख छ । सल्यान जिल्लाका पाँचवटा विद्यालयमा गरिएको उक्त अध्ययनमा अभिभावकहरु अशिक्षित भएको हुँदा छात्रवृत्ति सम्वन्धी चेतना र उत्प्रेरणाको कमी र आर्थिक कठिनाई भ्केल्नु परेको निष्कर्ष निकालिएको छ । छात्रवृत्ति वितरणमा देखिएका सामस्याहरुलाई समाधान गर्न विद्यार्थी संख्याको आधारमा कोटा निर्धारण गर्नु पर्ने , छात्रवृत्ति वितरण गर्न जिल्ला शिक्षा कार्यालयको प्रतिनिधी तथा भभिभावकहरुको भेला गराएर वितरण गरिनु पर्ने र छात्रवृत्ति पाउनु पर्ने औचित्यका वारेमा प्रचार प्रसार गरिनु पर्ने सुभ्कावहरु प्रस्तुत् छन् (रावत २०५८) ।

यस अध्ययनले छात्रवृति कार्यक्रम प्रभावकारी भएमा छात्रा सख्या वृद्धीमा सहयोग पुग्ने र सरोकारवला निकाय चनाखो हुनुपर्ने देखिन्छ ।

शैक्षिक सहुलियत कार्यक्रमले विपन्न वर्गलाई केही मात्रामा राहत पुगेको, निरक्षरता अन्मुलन गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको भए पनि शैक्षिक सहुलियत व्यवस्थापन र वितरण गर्दा व्यवस्थापन समितिको सक्रिय सहभागीता नभएको, शैक्षिक सहुलियतबारे विद्यालय व्यवस्थापन समिति आफ्नो दायित्वप्रति अनभिज्ञ रहेको, कपिलबस्तु जिल्लामा शैक्षिक सहुलियत रकम दुरुपयोग  भएको , कार्यक्रमहरुको नियमित अनुगमन तथा रेखदेखको सम्यन्त्र केन्द्रदेखि गाउँ स्तरसम्म व्यवस्थित र पारदर्शी नभएको कुरा अध्ययनमा प्रस्तुत् गरिएको छ । त्यस्तै गरि छात्रवृत्ति वितरण सम्वन्धमा उमेर पक्षलाई वेवास्ता गरिएको , छात्रवृत्ति कोटा प्रयाप्त नभएको , विद्यालयमा प्राप्त रकम सबै विद्यार्थीलाई दामासाहिले वितरण गरिएको र छात्रवृत्ति वितरणमा  विद्यार्थीको नियमित उपस्थितिको ख्याल नगरिएको पाइयो । उक्त समस्यालाई निराकरण र न्यूनीकरण गर्न व्यवस्थापन समितिलाई सक्रिय बनाउनु पर्ने, छात्रवृत्ति दुई किस्तामा वितरण गर्नुपर्ने, गैर सरकारी संस्थाहरुबाट प्राप्त हुने शैक्षिक सहुलियत तथा छात्रवृत्तिलाई प्रभावकारी बनाउन जिल्ला स्तरीय सम्यन्त्रको निर्माण गर्नु पर्ने, अनुगमन तथा मूल्याङ्कन कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने आदि सुभ्कावहरु दिइएका छन् (सेरिड २०६०) ।

यस अध्ययनबाट शैक्षिक सहुलियत ले विपन्न वर्गमा सहयोग पुग्ने भए पनि सरोकारवला निकायले अफ्नो जिम्मेवरी पुरा नर्गदा समस्या देखिन्छ ।

शिक्षा ऐन २०२८ को आठौं, संसोधनले शिक्षा विकेन्द्रिकरणको अवस्थालाई गतिशील बनाएको कुरा उल्लेख छ । उक्त लेखका अनुसार विद्यालय शिक्षाका सरोकारवालाको सहभागित, सक्रियता, सामुहिक भावनाबाट प्रेरित, उत्प्रेरित, जवाफदेहिता र जिम्मेवारीपूर्ण हुने गरी विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समितिलाई प्राज्ञिक समिति र जिल्ला शिक्षा समितिलाई प्राज्ञिक व्यवसयिक र जवाफदेही वनाउने दृष्टिकोणले गठन गर्ने प्रावधान राखेको व्यहोरा उल्लेख  छ । विद्यालय शिक्षालाई समुदाय केन्द्रित बनाउने प्रयोजनका लागि सरकारले सामुदायिक विद्यालयहरुलाई दिइने अनुदानको निकासा सम्वन्छित गाउँ विकास समिति वा नगरपालिकालाई दिनु पर्ने वा गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयहरुलाई त्यस्तो अनुदान उपलब्ध गराउने व्यवस्था कार्यान्वयन हुनु पर्ने उल्लेख छ (पाण्डे, २०६१) ।

विकेन्द्रीकारणको निति अनुरूप राज्यवाट प्राप्त अनुदान सोझै स्थानिय स्तरमा आउनु पर्ने देखिन्छ ।

चालिस प्रतिशत विद्यालयहरुमा शिक्षकले मात्र अनुमानको भरमा विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि छनौट गर्ने गरेका, नयाँ भर्ना भएका विद्यार्थीहरुले कम प्राथमिकता पाएका, गरिव र विपन्न परिवारका विद्यार्थीहरुको पहिचान गरी त्यसको तथ्यगत रुपमा पहिचान नगरी, अनुमानको भरमा छात्रवृत्ति वितरण गरेको विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार भएको , विद्यार्थी नियमिततामा सुधार आएको निश्कर्ष निकालिएको थियो । प्रतिवेदनले छात्रवृत्ति वितरण गर्दा केन्द्रिय निति निर्देशन अनुसार गर्नुपर्ने, विद्यालयले छात्रवृत्ति वितरण गर्दा अनिवार्यरुपले व्यवस्थापन समितिबाट निर्णय गराई अभिभावक भेला गरी वितरण गरिनुपर्ने , छात्रवृत्ति वितरणको अनुगमन र नियन्त्रणका लागि जिल्लादेखि गाउँ स्तरसम्म सरोकारवाला समेतको संयन्त्र वनाई सञ्चालन गर्नु पर्ने , नियमित रुपमा विद्यालयमा पठाउने र उच्च शैक्षिक उपलव्धी हासिल गर्ने विद्यालयका अभिभावकलाई समेत पुरस्कृत गर्ने व्यवस्था गर्नु पर्ने , छात्रवृत्तिले आर्थिक रुपले पिछडिएका वर्गलाई प्रथमिकता दिनु पर्ने ,अभिभावकलाई विद्यालय प्रति अकर्षित गर्ने छात्रवृत्ति रकमलाई शैक्षिक सत्रको शुरु र वीचमा गरी दुई किस्तामा वितरक गरिनु पर्ने जस्ता सुझावहरु दिइएको पाइन्छ (पाण्डे, २०६३) ।

यस शोध अध्ययनबाट छात्रवृति वितरण कार्यक्रम प्रभावकारि भएमा विद्यार्थी नियमितता हुने देखिन्छ ।

विद्यालयमा पैसा पाईन्छ भनेपछि समयमा विद्यालयमा भर्ना भएको, वालवालिकाको औषत उपलब्धी र हाजिरीमा सुधार भएको, सवैका लागि शिक्षा कार्यक्रमको साझा लक्ष्य प्राप्तिमा सहयोग भएको पाइयो । उक्त अध्ययनका आधारमा विद्यालयमा आएको छात्रवृत्ति रकम समयमा वितरण गरिनु पर्ने, लैङगीक विभेदीकरण अन्त्यको निम्ती सबैमा बराबरी व्यहार गरिनु पर्ने, अभिभावकले छात्रवृत्तिको रकम सदुपयोग गरे नगरेको निरिक्षण गर्ने व्यवस्था हुनु पर्ने, छात्रवृत्तिको रकम सदुपयोग गर्न अभिभावकलाई सचेत गराउनु पर्ने, विद्यालयमा निरन्तर हाजिरी, उपलब्धी स्तर र अनुशासनको आधारमा छात्रवृत्ति प्रदान गरिनु पर्ने आदि सुझव दिएको पाइन्छ (कार्की, २०६५) ।

यस अध्ययनले सहि र विभेद रहित रूपमा छात्रवृति वितरण भए विद्यार्थी भर्ना दर वृद्धी हुने देखिन्छ ।

नेपालमा विगत देखिनै छात्रवृत्ति अस्तित्वमा रहेको छ । शैक्षिक तथ्याङ्कले कम सहभागिता देखाएको महिला, अपाङ्ग, दलित र पिछडिएका वर्गको शिक्षामा पहुँच वृद्धि गर्ने छात्रवृत्ति कार्यक्रमहरु तिनै वर्गमा केन्द्रित गरिएको पाइन्छ । शान्ति सम्झौता पछि द्वन्द प्रभावित व्यक्ति र परिवारका वालवालिकाहरुमा समेत छात्रवृत्ति कार्यक्रमले जोड दिइएको पाइन्छ । नेपाल सरकारले वार्षिक कार्यक्रम अन्तर्गत लगाइने छात्रवृत्ति कार्यक्रमको नामाकरक भने परिवर्तन गर्ने गरेको समेत पाइन्छ । हाल नेपालमा सरकारबि, तवरवाट वितथरित छात्रवृत्ति मुख्य रुपले निम्नानुसार उल्लेख गर्न सकिन्छ । उपरोत्त कार्यक्रमका अतिरिक्त दुर्गम जिल्लाका विपन्न परिवारलाई छात्रावासको व्यवस्गा, दिवा खाजा कार्यक्रम, खाने तेल, वितरण जस्ता सहुलियत र निसुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम सञ्चालन गरिएको पाइन्छ । गैर सरकारी तथा नीजि विद्यालयहरुमा समेत विभिन्न प्रकारका छात्रवृत्तिहरुको व्यवस्ता देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययनवाट प्राप्त जानकारी र तथ्य तथ्याङ्कलाई विश्लेषण गर्ने निम्न सिद्धान्तको वक्ैचारिक खाजालाई उपयोग गरिएको छ ।

मास्लो (१९४३) का अनुसार मानिसहरुको आवश्यकता श्रृङ्खलावाट अभिप्रेरित हुन्छ । उनका अनुसार जब कुनै शक्तिलाई कुनै कुराको आवश्यकता पुर्ति तीर लागेको पाइन्छ । त्यसैले

मानिसलाई कृयाशील र सक्रिय वनजाउनको लागि उत्प्रेरित गर्नु पर्छ । छात्रवृतिको श्रृङखला पनि आवश्यकताका आधरमा तहगत रूपमा हुनु पर्दछ । मानिसमा प्रशस्त इच्छा आवश्यकता चाहना थप भइरहन्छ । मानिसमा कुनै चाहना पूरा हुन सक्छ र  चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्दछ । मानिसको आवश्यकता र  चाहना पनि अनगिन्ति हुन्छन्, जसलाई एक निश्चित क्रमवद्धधताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरको आवश्यकता परिपुर्ति पछि प्राथमिकताको आधारमा उच्च स्तरका आवश्यत्त परिपुर्तिका लागि मानिस जाग्रित हुँदै जान्छ । यसले मानिसको आवश्यकतालाई शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमान आवश्यकता, आत्मसन्तुष्टिको आवश्यकता गरी ५ भागमा विभाजन गरेका छन् । शारीरिक आवश्यकतामा गाँस, वास, कपास र यौनको आवश्यकता पर्दछ । सुरक्षात्मक आवश्यकतामा कामको सुरक्षा, स्वास्थ्य उपचारको व्यवस्था आदी पर्दछन् । सामाजिक आवश्यकतामा सामाजिक संलग्नता तथा मान्यता बढाउने र सामाजिक समायोजन तथा अपनत्व आदि पर्दछन् । स्वाभिमानको आवश्यकतामा स्वाभिमान, भाव, सम्मान प्राप्त गर्ने, पहिचान र स्थानको खोजी आदि पर्दछन् । आत्मसन्तुष्टिका आवश्यकतामा आत्म गौरव, आत्मवोध आदिको आवश्यकता पर्दछ (कोइराला र श्रेष्ठ २०६४ बाट) ।

शिक्षाले प्राप्त गरेका आदर्शहरु नै समाजले आफ्ना आदर्शका रुपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान गरी रहन्छ । समाजले शिक्षाका प्रकारहरु निर्धारण गर्दछ । शिक्षाले सामाजिक आवश्यकताहरुलाई पुर्ति गर्दछ । शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक साझा गुणहरुले उनीहरुमा समानता ल्याउँछ र सामाजिक दायित्वको वोध हुन्छ । सामाजिक दायित्व शिक्षाले गर्दछ र यसलाई सामुहिक संस्थाको रुपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकता पुरा गर्दछ र सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षाका निकायहरुमा समाजका हरेक व्यक्तिको अपनत्व हुन आवश्यक हुन्छ । फ्रान्सका प्रसिद्ध समाजशास्त्री इमाइल दुर्खिमले आफ्नो पुस्तक शिक्षा र समाजशात्रमा यस सिद्धान्तको बारेमा व्याख्या गरेका छन् (शर्मा, शर्मा २०६० बाट) ।

## २.३ पुनारावलोकनको उपादेयता

अध्ययनलाई प्रभावकारी र वस्तुनिष्ट बनाउन आवश्यक पूर्व ज्ञान हाँसिल गर्न, लेखन शैली र व्याख्यान विधि आदिका बारेमा अवधारण निर्माण गर्न अध्ययनकर्तालाई प्राप्त निम्न लिखित अध्ययन प्रतिवेदन, पत्रपत्रिकाको अध्ययन गरि त्यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सम्बन्धीत रचना कृतिहरुको अध्ययन विश्लेषण तथा समिक्षाका उद्देश्य शोध शीर्षकको आधरभूत ज्ञान हासिल गरि त्यसका बारेमा धारणा बनाउनु हो । अनुसन्धान योग्य परिकल्पनालाई नियम बद्ध परीक्षण गर्न अन्य अनुसन्धानहरुका लेखन शैलि पद्दति आदिको बारेमा ज्ञान हासिल गर्न सौद्धान्तीक ढाँचा र पूर्व साहित्यको अध्ययनले महत्वपूर्ण भुमिका खेल्दछ ।

मास्लोको आभिप्रेरणात्मक सिद्धान्तले मानिसका आवश्यकताहरुले उसलाई सक्रिय गराइरहेको हुन्छ । जबसम्म आधारभूत आवश्यकता पुरा हुँदैनन् तबसम्म अन्य आवश्यकताहरु गौण बन्न पुग्दछ । छात्रवृत्तिले आधरभूत आवश्यकतालाई पुरा गर्न नसकेका परिवारलाई केहि हद सम्म राहत दिई शिक्षा प्रति आकर्षण गर्न र शिक्षालाई प्राथमिकता नदिइएका व्यत्तिहरुलाई शिक्षा तर्फ उत्प्रेरित गर्न केहि हदसम्म सघाउँछ भन्ने विश्वास गर्न सकिन्छ । समाजका लागि शिक्षा र शिक्षाका लागि समाज अपरिहार्य छ । शिक्षाका विविध पक्षसँग समाजका व्यत्तिहरुको अपनत्व र हिस्सा हुनु पर्दछ साथै सक्रिय सहभागिता विना सामाजिक न्याय स्थापना गर्न नसकिने तथ्यलाई मनन गरि दुर्खिमको सामुहिक पक्षको रुपमा लिइएको छ ।

प्यावलभको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिद्धान्त अनुसार छात्रवृत्तिलाई उद्धिपकको रुपमा बारम्बार प्रयोग गर्दा विद्यार्थीहरुको छात्रवृत्ति विनानै विद्यालय जाने र अध्ययन गर्ने बानीको निर्माण गर्न सक्नुपर्ने हो । छात्रवृत्तिले यस्तो बानीको विकास गर्न सक्यो कि सकेन भन्ने कुराको विश्लेषण गर्न यस सिद्धान्तको प्रयोग गरिएको छ ।

रावत (२०५८) ले निकालेको निस्कर्षले समस्यालाई सहि ढङ्गले बुझ्न र समाधानका विषयहरुलाई अभिभावकसँग अन्तरर्किया गर्न सघाउनेछ । फर्मेटिभ अनुसन्धान परियोजनाले गरेको शैक्षिक सहुलियतको प्रभावकारीता सम्बन्धी अध्ययनले दिइएका सुझाबहरुले यस अध्ययनलाई सहि निश्कर्षमा पुग्न सहयोग गर्नेछ । (पाण्डे २०६१) को लेखले शिक्षालाई विकेन्द्रीत गर्न आवश्यक सुझावहरु दिएको छ । यसले अध्ययनलाई थप गहिराईसम्म पुग्न र बास्तविकता विश्लेषण गर्न सहयोग पुग्नेछ ।

सम्बन्धीत साहित्यको पुनारवलकनले अध्ययन बस्तुनिष्ट बनाउन छात्रवृत्तिसँग सम्बन्धीत समस्याहरु पहिचान गरी त्यसको समाधान पक्षको खोजि गर्न, प्रतिवेदन लेखन शैलि व्यवस्थीत गर्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । साथै छात्रवृत्ति प्रति समाजमा रहेको धारण बुझ्न र विश्लेषण गर्न छात्रवृत्ति कार्यक्रम प्रति सरोकारवालाको ध्यान आकर्षण गर्ने उपाय पहिल्याउन उक्त साहित्यले महत्वपूर्ण सहयोग पुग्नेछ ।

सम्वन्धीत रचना कृतिहरुको अध्ययन विश्लेषण तथा समिक्षाको उद्देश्य शोध शीर्षकको आधारभूत ज्ञान हासिल गरि त्यसका बारेमा धारणा वनाउनु हो । अनुसन्धान योग्य परिकल्पनालाई नियमवद्ध परिक्षण गर्न अन्य अनुसन्धानहरुका लेखन शैली , पद्धती आलिको वारेमा ज्ञान हासिल गर्न सैद्धान्तिक ढाँचा र पुर्व साहित्यको अध्ययनले महत्वपूर्ण सहयोग पुगेको छ ।

# परिच्छेद तीनः अध्ययन विधि

अनुसन्धानको प्रकार अनुसार तथ्याङ्क संकलन विधि तथा साधनहरु फरक फरक हुन्छन् । गुणात्मक र परिमाणात्मक कस्तो अनुसन्धान कार्य गर्ने हो सो अनुसार विधिहरुको उपयोग गर्नु पर्दछ । त्यसैगरी तथ्याङ्क कस्तो स्रोतबाट संकलन गर्ने हो ? त्यसले पनि विधि छनोटमा प्रभाव पार्दछ । अनुसन्धान कर्ताको रुची, क्षमता तथा आर्थिक तत्वहरुले पनि तथ्याङ्क संकलन विधि छनोटमा असर पार्दछ । अत  यस अनुसन्धानमा विषयको प्रकृतिलाई हेरेर अनुसन्धानलाई गुणत्मक बनाउने कासिस गरिएको  छ ।

## ३.१ अनुसन्धान ढाँचा

समादायिक विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था सम्बन्धमा गरिने अध्ययनको विषयवस्तु प्रकृति र उद्देश्य अनुसार अध्ययनबाट प्राप्त तथ्य, धारण र विचारहरुलाई परिमाणात्मक र गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट

तेह्रथुम जिल्ला अन्तर्गत म्याङ्लुङ स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरु मा.वि. ३, नि.मा.वि.२ र प्रा.वि. १३ गरी जम्मा १८ सामुदायिक विद्यालय र त्यहाँ कार्यरत प्र.अ शिक्षकहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु शिक्षक अभिभावक संघको पदाधिकारीहरु र अभिभावक तथा जिल्ला शिक्षा कार्यलयको विद्यालय निरिक्षक स्रोतसाथिहरुलाई जनसंख्याको रुपमा लिइएको छ ।

म्याङलुङ स्रोतकेन्द्रका सामुदायिक विद्यालय मध्येबाट माध्यमिक १, नि.मा.वि १ र प्रा.वि. ४ गरी जम्मा ६ वटा विद्यालयहरु समान सम्भाब्य नमुना छनोट विधिबाट नमुनाको रुपमा छनोट गरीने छ । ती प्रत्येक विद्यालबाट उद्देश्य मुलक नमुना छनौट विधिबाट निम्न अनुसारको नमुना आकार निर्धारण गरिएको छ ।

प्रधानाध्यापक ६ जना, प्रत्येक छनौटमा परेका विद्यालयबाट कम्तिमा १ जना शिक्षक पर्ने गरी ६ जना शिक्षक, प्रत्येक विद्यालयबाट वि.व्या.स.का पदाधिकारी ६ जना र प्रत्येक विद्यालयबाट १ जनाका दरले अभिभावक ६ जना, वि.नि. १, स्रोत व्यक्ति १ गरी जम्मा २६ जना नुमना छनोटमा लिइएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

अध्ययनमा प्रथमिक स्रोतका रुपमा बन्द तथा खुला प्रश्नावली तथा अन्तरवार्ता प्रश्नावलि र सरोकारवालाको सामुहिक छलफललाई प्रयोग गरिए छ। तथ्य धारणा  तथा विचारलाई विश्लेषण गर्न द्वितीय स्रोतका रुपमा अप्रकासित सोधपत्रहरु ,शैक्षिक लेख तथा अध्ययन प्रतिवेदनहरुका तथ्य , निश्कर्ष र सुझावलाई प्रयोग गरिएको छ। तथ्य, धारणा तथा विचार विश्लेषण गर्न आवश्यकतानुसार पूर्व प्रकासित लेख , रचना ,पत्रपत्रिका ,वुलेटिन तथा प्रतिवेदनका तथ्य , तथ्याङ्क समेतलाई प्रयोग गरिएको  छ।

## ३.४ तथ्याङ्क संकलनका सधनहरू

अध्ययनले उद्देश्य पुरा गर्ने प्रयोजनकालागि मत, धारण, दृष्टिकोण तथा विचार संकलन गर्न निम्नानुसारको साधनको प्रयोग गरिएको छ।

क) बन्द तथा खुला प्रश्नावली

ख) अन्तरवार्ता प्रश्नावली

ग) लक्षित समूह

घ) छलफल निर्देशिका

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययनको नमूनामा  छनौटमा परेका प्र.अ. शिक्षक र अभिभावकहरुलाई वन्द तथा खुल्ला प्रश्नावलीबाट तथ्याङक संकलन गरिने छ। विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकलाई प्रत्यक्ष अन्तरवार्ता प्रश्नावली तयार गरी विचार र दृष्टिकोण संकलन गरिने छ। अध्ययनमा अभिमत , विचार ,धारणा र दृष्टिकोण संकलन गर्न लक्षीत वर्ग र सरोकारवालाहरु सँग सामुहिक छलफल गरिएको छ।

## ३.६ तथ्याङक विश्लेषण प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङकहरु संकलन गरिसकेपछि संकलित तथ्याङ्कलाई विभिन्न समूहमा अलग अलग तालिकीकरण गरिने छ। शाब्दिक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र व्याख्यात्मक हिसाबले विश्लेषण गरिनेछ। अन्त्यमा विभिन्न पक्षबाट प्राप्त परिणामको आधारमा सारांश, प्राप्ती र निश्कर्ष निकाली आवश्यक सुझाव सहितको शोध पत्र तयार गरिएको छ।

# परिच्छेद चारः तथ्याङ्कको विश्लेषण र व्याख्या

सामुदायिक विद्यालयमा वितरीत छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शिर्षकको शोध अध्ययन गर्ने क्रममा तेह्रथथुम जिल्लाको म्याङ्लुङ स्रोतकेन्द्रका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सुपरिवेक्षक, स्रोतव्यक्ति एवम् शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र अभिभावकहरुलाई जनसंख्याको रुपमा लिई उद्देश्य मुलक नमुना छनोट प्रक्रियाबाट २६ जना छनौट गरी तिनीहरुको प्रतिकृयाको आधारमा विद्यालय छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी छात्रवृत्तिका आधारहरु, समस्याहरु र छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन के कस्ता उपायहरु अवलम्बन गर्नु पर्दछ भन्ने विषयहरुलाई यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ। यस क्रममा प्राप्त भएका तथ्याङ्कलाई निम्न लिखित भागमा विभाजन गरी विश्लेषण र व्याख्या गरिएको छ।

## ४.१ छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताहरू

अध्ययनका क्रममा छनौटमा परेका व्यक्तिहरु विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक छन् भनि गरिएको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गरि प्रस्तुत गरिएको छ।

**तालिका नं. १ छात्रवृत्ति कार्यक्रमप्रतिको दृष्टिकोण**

| | सकारात्मक छु | सकारात्मक छैन | अन्य |
|---|---|---|---|
| वि.व्य.स. ⁄ अभिभावक | ५३.३% | २०% | २७.७% |
| प्र.अ. ⁄ शिक्षक | ७७% | १६% | ७% |
| वि.नि. ⁄ स्रोतव्यक्ति | ५०% | - | ५०% |

स्रोतः स्थलगत अध्ययन २०७१

उपरोक्त तालिका बाट विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमप्रति अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि मध्ये ५३.३ प्रतिशत सकारात्मक देखिए भने प्र.अ. र शिक्षकको ७७ प्रतिशतले सकारात्मक ढंगले लिएको पाइयो। विद्यालय निरिक्षक तथा स्रोतव्यक्ति ५० प्रतिशतले सकारात्मक देखिए। विद्यालय तहमा वितरण हुने छात्रवृत्तिको रकम सम्बन्धमा गरिएको प्रश्नावली, अन्तर्वाता र सरोकारवाला सँग सामुहिक छलफलमा हालसम्म व्यवस्था गरिएको छात्रवृत्ति कार्यक्रम प्रति सरोकारवालाहरु सन्तुष्ट हुन नसकिएको देखिन्छ। ७ प्रतिशत प्र.अ. र

शिक्षक छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक वा नकारात्मक प्रतिक्रिया दिन चाहदैनन् । त्यस्तै विद्यालयमा प्रत्यक्ष रुपमा सरोकार राख्ने २७ प्रतिशत अभिभावकहरु छात्रवृत्ति कार्यक्रमको जानकारी खासै राख्दैनन् । यसबाट के स्पष्ट हुन्छ भने इमाइल दुर्खिमले भनेझै समाजले शिक्षाको प्रकार र कार्यक्रम निर्धारण हुने कुराको तालमेल भएको देखिदैन । साथै नीति निर्माताले समेत लक्षित वर्गको मनोभावना बुझ्न नसकेको देखिन्छ ।

छात्रवृत्ति कार्यक्रम नियमित रुपमा सञ्चालन गर्न थालिएको दशकौं बितिसक्दा पनि विद्यालयका सेवा क्षेत्रका लक्षित अभिभावकहरु छात्रवृत्ति तथा शैक्षिक सहुलियतका प्रकार र छात्रवृत्तिको उद्देश्य र छावृत्तिको रकम प्रति स्पष्ट धारणा बनाउन सकेको पाइएन । अध्ययनका क्रममा सेवा क्षेत्रका अधिकांश लक्षित अभिभावकहरु छात्रवृक्तिको रकम बारे स्पष्ट नभएको पाइयो । उनिहरुले आफ्ना बालबालिकाले जे जस्तो घरमा पुऱ्याए त्यतिनै छात्रवृत्ति हो भन्ने गरेको पाइयो । कतिपय शिक्षक समेत कुन छात्रवृक्तिको बास्तविक रकम कति हो, कुन कुन क्षेत्र र सर्तमा प्रयोग गर्नु पर्ने हो सो बारे स्पष्ट हुन नसकेको पाइयो यसको मुख्य कारणको रुपमा सम्बन्धित निकाय र सरोकारवालाबाट छत्रवृत्ति सम्बन्धी चासो नराखिनु, अनुगमन नियमित नहुन, र प्रभावकारी नहुनु नै हो भन्ने अध्ययनबाट देखिन आएको छ । यसबाट विद्यालय सेवा क्षेत्रका लक्षित समुदायलाई छात्रवृत्तिको प्रयोग, उपयोगिता र महत्वका सम्बन्धमा अभिमुखिकरण, अभिभावक शिक्षा सञ्चालन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

### ४.१.१ विद्यार्थीले प्राप्त गरीरहेका लाभहरू

विद्यालय छात्रवृत्ति कार्यक्रमले मुख्य रुपमा सामाजिक सांस्कृतिक ,आर्थिक रुपमा पिछाडी पारिएका वालवालिकालाई महत्वपूर्ण सहयोग पुऱ्याएको अध्ययनमा परेका व्याक्तिहरुको भनाई पाईयो । उनिहरुका अनुसार विद्यार्थीहरुलाई आफ्नो साना साना आर्थिक समस्या समाधान गर्न शैक्षिक सामग्री , विद्यालय पोशाक , झोला तथा छाता रेनकोटजस्ता सामग्री खरिद गर्न छात्रवृत्तिले सहयोग गरेको पाईयो । विद्यालयको वातावरणमा समायोजन हुन छात्रवृत्तिले सहयोग गर्दछ । विद्यार्थीहरुलाई शिक्षण सिकाई कियाकलापमा सकिय बनाउन , आत्मविश्वास वृद्धि गर्नका लागि छात्रवृत्तिले उत्प्रेरणा दिने वुझाई अध्ययनमा परेका शिक्षकहरुमा रहेको पाईयो । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको तुलनामा छात्रवृत्ति प्राप्त नगरेका विद्यार्थीको सिकाइमा कम उत्प्रेरित हुने, उनिहरुको भनाई छ । घरायसी वातावरणमा सिकाइ प्रतिकूल रहेका विद्यार्थीहरु छात्रवृत्तिबाट बढी लाभान्वित भइरहेका छन् । छात्रवृत्तिले दलित , पिछडिएका समुदायलाई पढ्नु पर्छ र पढाउनु

पर्छ भन्ने शन्देश दिएको हुन्छ । छात्रवृत्ति रकमले वालवालिकाले आफुले चाहेको सामग्री किन्न सक्दछन् । छात्रवृत्ति कार्यक्रमले दलित , विपन्न समूदायका वालवालिकाहरुको विद्यालय भर्नादर वढाएको छ । विद्यालय नजाने वालवालिकाहरुले छात्रवृत्ति रकम पाउने आशामा विद्यालय प्रवेश गरेका छन् । थोरै भए पनि गरिव , विपन्न वर्गलाई राहत भएको छ । दलित,विपन्न तथा जेहेन्दार वालवालिकाहरुलाई भविश्यको लागि जाँगर वढाएको छ । आर्थिक रुपमा विपन्न वर्गलाई केहि आर्थिक सहयोग भएको छ । शिक्षाप्रति विमूख समुदायलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । समानताको भावना विकास गर्न सहयोग पुगेको छ । समाजमा लैंगिक भेदभाव न्यून गर्न, समाजलाई परिवर्तन गराउन, अग्रसरता वढाउन सहयोग पुगेको छ । दलित तथा विपन्न वर्गको शिक्षामा सहभागिता वृद्धि भइ साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका वालवालिकाहरु गैर दलित वर्गका वालवालिकाहरुसँग समाहित भएका छन् । छात्रवृत्ति कार्यक्रमले शिक्षण सिकाईमा सकारात्मक विभेद वढाउने प्रयास गरेको छ । विद्यालयप्रति सकारात्मक धारणा विकास गर्न सहयोग गरेको छ । छात्रवृत्ति कार्यक्रमले दलित समुदायका लाववालिकाहरु उत्प्रेरित भएका छन् ।

### ४.१.२ अभिभावकले प्राप्त गरीरहेका लाभहरू

सामुदायीक विद्यालय छात्रवृत्ति कार्यक्रमबाट विशेष गरी आर्थिक, सामाजिक, सांस्कृतिक रुपमा पिछाडी पारिएका समुदायमा रहेका अभिभावकहरु आफ्ना छोराछोरिहरुको लागि कपी, किताब, पेन्सिल, स्कूल पोशाक, स्कूल व्याग, छाता जस्ता विद्यार्थीका लागि अति आवश्यक पर्ने सामग्रीहरु जुटाउन समस्या भएका कारण पनि विद्यालय पठाउन नसकिरहेको अवस्था देखिन्छ । आफ्नो परिवारको विहान वेलुका छाक टार्नका निमित्त संधै भरि खटिरहेका अभिभावकहरुले वालवालिकाको विद्यालयका अति आवश्यकीय शैक्षिक सामग्रीहरु दोस्रो प्राथमिकताको रुपमा हेर्ने गरेको कारण आफ्ना छोराछोरी विद्यालय जानबाट वञ्चित भइरहेको अवस्था छ । लक्षित वर्गका अभिभावकहरुको भनाई अनुसार वालवालिकाहरुलाई आवश्यक पर्ने साना आर्थिक समस्या समाधान गर्न, शैक्षिक सामग्री, विद्यालय पोशाक, झोला , छाता तथा रेनकोट जस्ता सामग्रीहरु खरिद गर्न छात्रवृत्तिले सहयोग गरेको छ । वालवालिकाहरुलाई विद्यालयको वातावरणमा समायोजन गराउन छात्रवृत्तिले सहयोग पुऱ्याउँदछ । छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीको विद्यालय नियमित हुने क्रममा वृद्धि हुनाका साथै उनिहरुको पढाई प्रति झुकाव बढेकोमा पनि अभिभावकहरुमा आत्मा सन्तुष्टि मिलेको देखिन्छ ।

विद्यालय छात्रवृत्ति कार्यक्रमबाट अभिभावकहरुमा विद्यालयका शिक्षक , विद्यालय व्यवस्थापन समितिसँग आत्मियतामा वृद्धि गर्न महत्वपूर्ण सहयोग भइरहेको छ । अभिभावकहरुलाई आफ्ना छोराछोरीलाई विद्यालय पठाउन उत्प्रेरित गर्न पनि छात्रवृत्ति कार्यक्रम उपयोगि देखिएको छ । विद्यार्थीहरुमा प्रतिस्पर्धी धारणको विकास हुने गर्दछ । जसको कारण पढाईको गुणस्तर वढ्छ । विद्यालय छात्रवृत्ति कार्यक्रमबाट अभिभावकहरुले आर्थिक ,सामाजिक, मनोवैज्ञानिक रुपमा लाभ लिइरहेका छन् ।


### ४.१.३ समुदायले प्राप्त गरीरहका लाभहरू

विद्यालय तहको छात्रवृत्ति कार्यक्रमले सामाजिक, सास्कृतिक, भाषिक रुपमा पिछडिएका गरिब, विपन्न, उत्पिडित, दलित तथा जनजाती र लोपोनमुख  सिमान्तकृत समुदायका बालबालिकाहरुलाई बढी प्रथामिकता दिएको पाइन्छ । छात्रवृत्ति कार्यक्रमबाट शिक्षाको मुल धारमा समाबेस भएका बालबालिकाको माध्यमबाट उक्त समुदायलाई समाजको हरेक पक्षको मुल धारमा ल्याउन महत्वपूर्ण सहयोग पुगेको पाइयो । विभिन्न समुदायलाई विद्यालय छात्रवृत्ति कार्यक्रमले केहि हदसम्म आर्थिक सहयोग भएको छ । छात्रवृत्ति कार्यक्रमबाट पिछडिएको समुदायको साक्षरता र चेतना स्थर उकास्न मद्धत पुगेको धारणा सरोकारवालाले व्यक्त गरेका छन् । चेतना स्थर र साक्षरताको स्थितिमा सुधार भएपछि समाजमा जनस्वास्थयको स्थिति सुधार गर्न, प्रजनन स्वास्थय तथा जनसंख्या व्यवस्थापन सँग सम्बन्धित कार्यक्रमहरु निर्माण र कार्यान्वायन गर्ने लगायतका विकास निर्माणका गतिबिधि सञ्चालन गर्न सहज हुने र यस्ता कार्यक्रमको उपलब्धी पनि बढ्ने भनाइहरु प्राप्त भएका छन् । छात्रवृत्ति कार्यक्रमले पिछडिएको दलित र विपन्न बर्गलाई विकासको मुल धारणा ल्याउन र तिनिहरुलाई सामाजिक न्याय स्थापित गर्न हरेक तह र तप्कामा समान सहभागिता वृद्धि गर्न, सहअस्थित्व र विश्व बन्धुत्व कायम  गर्न विद्यालय छात्रवृत्ति कार्यक्रम महत्वपूर्ण साधन मान्न सकिन्छ । विद्यालय छात्रवृत्ति कार्यक्रमले दलित र पिछडिएका समुदायलाई पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने सन्देश दिएको छ । दलित तथा विपन्न र जेहनदार विद्यार्थिलाई सहयोग गर्नु सरकारको राम्रो पक्ष हो । छात्रवृत्तिको रकमले बालबालिकाहरुले आफुले चाहेको सामग्री किन्न सक्छन् । छात्रवृत्ति कार्यक्रमले दलित, विपन्न समुदायका बालबालिकाहरुको विद्यालय भर्नादर बढाएको छ । विद्यालय नजाने बालबालिकाहरुले छात्रवृत्ति पाउने आशामा विद्यालय प्रबेश गरेका छन् । थोरै भएपनि गरिब, विपन्न बर्गलाई राहत भएको छ ।

## ४.१.४ छात्रवृत्ति कार्यक्रमको रकम

विद्यालय तहमा बितरण हुने छात्रवृत्तिको रकम समयमा गरिएको प्रश्नावलि र अन्तर्वाताको विश्लेषण गर्दा निम्नअनुसारको तथ्याङ्क प्राप्त भएको छ ।

चित्र नं. १ छात्रवृत्ति रकम प्रतिको दृष्टिकोण




स्थलगत अध्ययन २०७१ बाट

उपयुक्त रेखाचित्रबाट छात्रवृत्तिको रकमलाई हेर्दा के भन्न सकिन्छ भने धेरै जनाले छत्रवृत्ति रकम अप्रयाप्त भएको देखिन्छ । जसमा अभिभावकले धेरै नै अप्रयाप्त भएको र यसलाई अझ वढाउनु पर्ने धारणा व्यक्त गरेका छन् । विद्यालय तहमा वितरण हुने छात्रवृत्ति रकम समय सापेक्ष नभएको साथै छात्रवृत्ति रकमले विद्यार्थीका साना साना आवश्यकता समेत पुरागर्न नसकेकाले यसलाई वढाउनु पर्ने अभिमत पाईएको छ । छात्रवृत्तिले विद्यार्थीलाई आदर्श विद्यार्थी हुन प्रोत्साहन गर्न नसकेको उनिहरुको धारणा थियो । छात्रवृत्ति रकम वार्षिक शैक्षिक कृयाकलाप गर्न पुग्ने गरी न्यूनतम सामग्रीहरु पुग्ने गरी वितरण गर्नु पर्ने सुझाव लक्षित अभिभावहरुबाट प्राप्त भएको छ । कतिपय विद्यालयहरुले छात्रवृत्ति रकम कोटा अनुरुप वितरण नगरी दामासाहीले वितरण गर्ने गरेको शिक्षक तथा प्र.अ. नै वताउछन् । यस्तो कार्यबाट छात्रवृत्ति चुहावट हुने सम्भावना एकातिर वढ्छ भने अर्कातिर छात्रवृत्ति वितरण प्रणाली नै औचित्यहिन हुन पुग्दछ । छात्रवृत्तिलाई कक्षागत रुपमा कक्षा वढ्दै जाँदा शैक्षिक सामग्रीहरुमा लाग्ने खर्च पनि वढ्दै जाने हुदा छात्रवृत्ति कोटाको रकम पनि वृद्धि गर्नु पर्ने सुझाव प्राप्त हुन आएको छ । यसरी अभिमतलाई कदर गर्दा छात्रवृत्ति रकम वढाउनु पर्ने आवश्यकता देखिएको छ ।

### ४.१.५ छात्रवृत्ति वितरण प्रकृया

छात्रवृत्ति वितरण प्रकृयाका सम्वन्धमा अध्ययनमा परेका सहभागीहरुसँग गरिएको प्रत्यक्ष छलफल , अन्तरकृया तथा प्रश्नावलीलाई विश्लेषण गर्दा विद्यालयलाई प्राप्त कोटा अनुसार शिक्षक वा व्यवस्थापन समितिले विद्यार्थी छनौट गरी विद्यार्थी वा अभिभावकलाई सामान्य तरिकाले वितरण गरेको देखियो । विद्यालय तहको छात्रवृत्ति स्वयम् विद्यार्थी वा सम्वन्धीत अभिभावकहरु कसलाई र कसरी वितरण गर्ने सन्दर्भमा प्राप्त मत निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका २ : छात्रवृत्ति वितरण सम्वन्धी धारणा**


| विवरण | कसलाई | | कसरी | |
|---|---|---|---|---|
| | विद्यार्थी | अभिभावक | सामान्य तरिका | सभा/समारोहबाट |
| वि.व्य.स./ अभिभावक | ६६.६% | ३३.४% | ४०% | ६०% |
| प्र.अ./शिक्षक | ८४.६% | १५.४% | ३८.४६% | ६१.५४% |
| वि.नि./स्रोत व्यक्ति | १००% | - | - | १००% |

स्रोत: स्थलगत अध्ययन, २०७१

उपरोक्त तथ्याङ्कबाट छात्रवृत्ति वितरण गर्दा विद्यार्थीलाई सम्वन्धीत अभिभावकको रोहवरमा वितरण गर्नु पर्ने राय ६६.६% अभिभावकको छ भने ८४.४% प्र.अ. तथा शिक्षकहरुको छात्रवृत्ति रकम विद्यार्थीलाई दिनुपर्ने मत राख्दछन् । १००% विद्यालय सुपरिवेक्षक तथा स्रोतव्यक्तिले अभिभावकको उपस्थितिमा विद्यार्थीलाई दिनु पर्ने वताए । त्यस्तै छात्रवृत्ति रकम कसरी वितरण गर्ने सम्वन्धमा गरिएको अध्ययनमा समारोह गरेर वितरण गर्दा प्रभावकारी हुने कुरामा ६०% अभिभावकहरु, ६१.५४% प्र.अ. तथा १००% वि.नि. तथा स्रोतव्यक्तिको भनाई छ ।

उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा सभा-समारोह गरेर छात्रवृत्तिको महत्व दर्शाएर मात्र अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण गर्नु पर्ने , निर्देशिकाको व्यवस्था कार्यान्वयन नभएको पाईयो । छात्रवृत्ति रकम सामान्य रुपले विद्यार्थीलाई वितरण गर्दा दुरुपयोग भएको खभिभावकहरुको गुनासो रहेको छ । उनिहरुका अनुसार विद्यार्थीले छात्रवृत्ति रकम अभिभावकले लुकाउने , शैक्षिक कार्यलाई भन्दा खेल तथा मनोरञ्जनमा वढी खर्च गर्ने प्रवृत्ति वढीरहेको छ । यस सन्दर्भमा निरीक्षण र अनुगमन गरिएको पाइदैन । अध्ययनको छनौटमा परेका विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति , प्रधानाध्यापक , शिक्षक र अभिभावकहरु छात्रवृत्ति कहिले वितरण गर्ने भनी गरिएको अध्ययनबाट प्राप्त प्रतिकृया लाइ देहाय वमोजिम विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

चित्र नं. २ छात्रवृत्ति वितरण गर्ने समय




स्रोत : स्थलगत अध्ययन २०७१


उपर्युक्त चित्र अनुसार छात्रवृत्तिको वितरणको समय सम्वन्धमा गरिएको मत सर्वेक्षणमा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा अभिभावकको २०% ले शैक्षिक सत्रको सुरुमा छात्रवृत्तिको वितरण गर्नुपर्ने वताए भने प्र.अ. तथा शिक्षकको २३%ले छात्रवृत्तिको वितरण शै.सत्रको सुरुमा दिनुपर्ने राय प्रकट गरे । विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिको ५०% ले शै .सत्रको सुरुमा छात्रवृत्तिको वितरण गर्नु पर्ने धारणा अघी सारे । त्यस्तै ६०% अभिभावक, ३०.७६% शिक्षक तथा प्र.अ. छात्रवृत्ति शै.सत्रको वीचमा वितरण गर्नु पर्ने पक्षमा देखिएका छन् । छात्रवृत्तिको वितरण शै. सत्रको अन्त्यमा प्रभावकारी हुने पक्षमा अभिभावक २०% , शिक्षक तथा प्र.अ.४६.२४% र वि.नि. तथा स्रोत व्यक्तिको ५०% सहमति छ । यद्यपि छात्रवृत्तिको नगद वा जिन्सी सामग्री के हो ? सो कुराले वितरणको समय प्रभावित हुने उत्तरदाताको अभिमत पाईयो । छात्रवृत्ति रमक एकैपटक वितरण गर्दा दुरुपयोग हुने हुदा छात्रवृत्ति रकम किस्तावन्दी प्रणालीमा वितरण गर्नु पर्ने धारणा सरोकारवालाहरुको छ । छात्रवृत्ति रकम वितरण गर्दा शैक्षिक सत्रको सुरुमा नै औपचारीक समारोहको आयोजना गरी सरोकारवालाहरुको उपस्थितिमा पारदर्शी हिसावबाट गरिनु पर्ने सुझाव सरोकारवालहरुको छ । छात्रवृत्ति रकमलाई विद्यालयको परीक्षा प्रणालीसँग आवद्ध गरी त्रैमासिक वा किस्तावन्दी रुपमा वितरण गर्ने व्यवस्था मिलाउन सकेमा त्यसले सिकाईमा सकारात्मक प्रभाव पार्ने शिक्षकहरुको भनाइ पाईयो । यसरी वितरण गर्दा थन्डाइकको प्रभावको नियमले भने झैं वालवालिकाहरुलाई छात्रवृत्तिको वितरणले प्रभावकारी उपस्थिति, उनिहरुको शैक्षिक उपलव्धी र उत्तिर्णदरमा प्रभाव पार्न सक्ने देखिन्छ । छात्रवृत्ति रकमलाई परीक्षा प्रणालीसँग समन्वय गरी वितरण

गर्दा सकारात्मक सम्वलनले वालवालिकाको काम गर्ने चाहनामा तिव्रता ल्याउछ भने झैं राम्रो उपलव्धीलाई छात्रवृत्ति दिँदा विद्यार्थीमा पढ्ने वानी र प्रतिस्पर्धा गर्ने सोचको विकास हुने र छात्रवृत्ति नदिँदा नपढ्ने वानी कमजोर हुन गई पढाइ प्रति मिहिनेत गर्ने वानीको विकास हुने विद्यालय निरीक्षकको धारणा रहेको पाईयो ।

अध्ययनको छनोटमा परेका विद्यालयहरुका सेवा क्षेत्रका प्र.अ., शिक्षक तथा अभिभावकहरुसँगको प्रत्यक्ष छलफल र  प्रश्नावलीबाट अधिकाशं विद्यालयमा छात्रवृत्तिको रकम शैक्षिक सत्रको अन्त्यमा वितरण गरेको देखिन्छ । एउटा विद्यालयमा शैक्षिक सत्रको अन्त्यमा नतिजा प्रकाशन भइ सकेपछि मात्र वितरण भएको पाईयो । त्यसैले छात्रवृत्ति वितरणका लागि जिल्लाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै समयमा नै जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति रकम निकासा गरी विद्यालय व्यवस्थापन समितिले वितरण गर्नु पर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

छात्रवृत्ति कार्यक्रमले छात्रवृत्तिलाई नगदनै वितरण गर्ने वा सामग्री वितरण गर्ने सम्वन्धी केहि मापदण्ड वनाएको पाईन्छ । पोषाक,पाठ्यपुस्तक तथा शैक्षिक सामग्री र नगद रकम के वितरण गर्दा प्रभावकारी हुन्छ भन्ने सम्वन्धमा संकलित प्रश्नावली र  अन्तरकृया विश्लेषणबाट देहायको निश्कर्ष प्रप्त भएको छ :

चित्र नं. ३ छात्रवृत्ति रकम वितरण किसिमः- (नगद वा जिन्सी)




स्रोतः स्थलगत अध्ययन २०७१

उपयुक्त तालिकाबाट छात्रवृत्ति रकम नगदको सट्टा सो रकम वरावरको  सामग्री दिदा उपयोगिहुने अभिभावक र शिक्षक, प्र.अ. को मत स्पष्ट देखिन्छ । किनकि अभिभावकको ६०% र शिक्षक तथा प्र.अ.को ६१% उत्तरदाताहरु सामग्री वितरण गर्नुपर्ने पक्षमा देखिन्छन् । विद्यालय

निरीक्षक तथा स्रोत व्यक्ति भने नगद नै वितरण गर्नु पर्ने पक्षमा देखिन्छन् । उनिहरुका अनुसार नगदै दिए विद्यार्थीहरुका स्व-इच्छाले आफ्ना आवश्यक सामग्री खरिद गर्न सक्छन् ।

छात्रवृत्ति रकमलाई नगदका रुपमा वितरण नगरी शैक्षिक सामग्री र पोशाकको रुपमा वितरण गर्दा प्रभावकारी हुने अभिभावक तथा शिक्षकको धारणा रहेको पाईयो । किस्तावन्दीमा वाडिनु पर्ने , दलित तथा अन्य छात्रवृत्ति प्रत्येक महिना प्राप्त हुने रकम वरावरको शैक्षिक सामग्री वितरण गर्दा रकम दुरुपयोग रोकिने र विद्यार्थीको अध्ययनमा प्रभावकारीता वढ्न गइ उनिहरुको सिकाई उपलव्धीमा परिवर्तन आउने विश्वास सरोकारवालाहरुले व्यक्त गरे । छात्रवृत्ति नगद तथा जिन्सी जे भए पनि विद्यार्थीमा सकारात्मक उद्विपकको काम गर्नुपर्ने धारणा सरोकारवालाहरुको रहेको पाईयो । दलित तथा विपन्न समुदायका वालवालिकाहरु छात्रवृत्ति प्राप्त गर्नका लागि नै सवभन्दा बढी विद्यालयमा भर्ना भएको पाईयो ।

निस्कर्षमा भनुपर्दा छात्रवृति वितरणमा पूर्ण विश्वसनियता हुन सकिरहेको छइन यसमा शैद्धान्तिक र व्यवहारीक मेल खाएको देखिदैन । छात्रवृति नितिगत रूपमनै फितलो भएकाले यसलाई विरोधावसबाट गराइनु पर्दछ ।

## ४.२ छात्रवृत्ति वितरणको आधार

सामुदायिक विद्यालयमा वितरणहुने छात्रवृत्तिको अवस्था शिर्षकको शोध कार्य गर्ने क्रममा छात्रवृत्ति वितरणका आधारहरु खोजी गर्ने प्रयत्न गरिएको छ । जसमा प्र.अ., शिक्षक, र अभिभावक, स्रोतव्यक्ति, वि.नि.हरुबाट प्राप्त भएका धारणा , विचारहरुका आधारमा निम्नानुसार पाईएको छ ।

### ४.२.१ विद्यार्थी संख्या

अध्ययनका कममा गरिएको प्रश्नावली र सामूहिक छलफलका क्रममा छात्रवृत्ति वितरणको आधार विद्यार्थी संख्या हुनु पर्ने धारणा पाईयो । विद्यार्थी संख्या जति वढी हुन्छ त्यति नै दलित , विपन्न तथा समाजको मूलधार भन्दा वाहिरको समुदायबाट आएका वालवालिकाको संख्या वढी हुने हुन्छ । त्यसैले विद्यार्थी संख्यालाई छात्रवृत्ति वितरणको मूल आधार मानिनु पर्ने भनाई पाईयो । समानुपातिक , समावेशिकरण र व्यवस्थापकीय दृष्टिकोणले पनि वढी विद्यार्थी रहेको विद्यालयमा वढी छात्रवृत्ति कोटा दिइनु पर्ने धारणहरु अध्ययनको क्रममा प्राप्त भएका छन् । विद्यालयमा विभिन्न पक्षहरुको लगानी र व्यवस्थापन विद्यार्थी संख्याकै आधारमा हुने गरेकाले समेत छात्रवृत्ति कोटा वितरणमा समेत विद्यार्थी संख्यालाई आधारको रुपमा लिनु पर्ने सरोकारवालाको भनाई

पाईयो । छात्रवृत्ति कोटा वितरण गर्दा विद्यार्थी संख्या र त्यसमा दलित , महिला जनजाती आदिको संख्यालाई विशेष ध्यान पुर्याउनु पर्ने अभिभावकहरुको मनसाय पाईयो । शिक्षाको मूल प्रवाहमा आउन नसकेका समुदायको संख्या अधिक रहेको क्षेत्रमा छात्रवृत्ति कोटा वढी दिइनु पर्ने उनिहरुको भनाई छ । सम्पूर्ण दलित, अल्पसंख्यक तथा सिमान्तकृत र महिला छात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्थाले सामाजिक न्याय दिन नसकेको उनिहरुको भनाई छ । यसरी कोटा वितरण गर्दा विपन्न र जेहेन्दार विद्यार्थीहरु मारमा परेको धारणा उनीहरुको छ ।

## ४.२.२ जातीगत आधार

सामुदायीक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था शिर्षकको शोध तयार गर्ने क्रममा प्राप्त भएका तथ्य,धारणा र विचार विश्लेषण गर्दा जातिगत आधारलाई प्राथमिकता दिनु पर्ने देखिएको छ । नेपाली समाजमा जातिगत विविधता रहेको र हरेक जातिमा विकासको गति पनि फरक फरक रहेको देखिन्छ । विकासको गति कम भएका र समाज विकासको मूलधारमा समुचित तवरले समावेश हुन नसकेका जाती तथा जनजाती समूहका  वाललवालिकाहरुलाई विद्यालय छात्रवृत्ति कार्यक्रमले वढी प्राथमिकता दिनु पर्ने मत अध्ययनबाट प्राप्त भएको छ । समाजको शैक्षिक मूलधारमा ल्याउन यस्ता पिछडिएका जातजाती समुहलाई वढी कोटा दिइ छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नु पर्ने धारणाहरु प्राप्त भएका छन् । खासगरी भाषिक विभेदका कारण पिछडिएका जातजातीहरुलाई छात्रवृत्तिले प्रमुख प्राथमिकता दिनु पर्ने भनाइ अध्ययनमा परेका जनजाती अभिभावकहरुले राखेको पाईयो ।

## ४.२.३ भौगोलिक आधार

छात्रवृत्ति कोटा वितरण गर्दा भौगालिक क्षेत्रलाई प्राथमिकतामा राखिनु पर्ने राय अभिभावकहरुको छ ।   उनिहरुका अनुसार भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रका वालवालिकाहरु उचित शैक्षिक वातावरण र प्रर्याप्त शैक्षिक सामग्रीबाट वञ्चित हुन्छन् । त्यसैले विद्यालय तहको छात्रवृत्ति वितरण गर्दा त्यस्ता क्षेत्रलाई प्राथमिकता दिनु पर्ने २०% अभिभावकहरुको धारणा छ । हाल सम्म केहि जिल्लामा दिवा खाजा कार्यक्रम र खाने तेल वितरण गर्ने बाहेक भौगोलिक क्षेत्रलाई प्रथमिकता दिएर ल्याइएका छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको पाइदैन । हाम्रो समाजमा धनी र गरिब बीचको खाडल बढ्दै गएको र ग्रामिण तथा दुर्गम क्षेत्रबाट सहरी तथा सुगम क्षेत्रमा हुने बसाइसराइले ग्रामिण क्षेत्रमा जनसंख्या घट्न जाने कार्य तीब्र भएकाले यस क्षेत्रमा शिक्षा, स्वास्थ्य

जस्ता सुविधा विस्तार गर्न कठिन र थप चुनैतिपूर्ण हुँदै गएको अवस्थामा गुणास्तरीय शिक्षा प्रदान गर्नका लागि आवास सहितको छात्रवृत्ति कार्यक्रम लागु गर्नुपर्ने अभिभावकहरुको सुझाव पाइएको छ । यस्तो आवास सुविधा विद्यालय क्षेत्रभन्दा टाढाका विद्यार्थी र घरायसी वातावरण प्रतिकुल रहेका बालबालिकामा दिनु पर्ने तर्क उनिहरुको छ । उनिहरुका अनुसार त्यस्ता दुर्गम र ग्रामिण क्षेत्रमा थोरै रकमको छात्रवृत्ति कार्यक्रमले कुनै ठोस उपलब्धी लिन सक्दैन । यस तर्फ सवैको ध्यान पुग्न जरुरी छ ।

### ४.२.४ लैङ्गिक आधार

शोधकार्य सम्पन्न गर्ने क्रममा गरिएका अध्ययन, छलफलहरुवाट विद्यालय तहको छात्रवृत्ति कार्यक्रमको कोटा निर्धारण गर्दा लैङ्गिकतालाई उचित प्रथमिकता दिनु पर्ने धारणा पाइएको छ । समाजमा लैङ्गिक विभेद व्याप्त रहेको, महिलाको शैक्षिक स्थिति पुरुषको तुलनामा अत्यन्तै कम रहेको अवस्थामा छात्रवृत्ति वितरणमा महिलालाई प्राथमिकता दिनु पर्ने मत प्राप्त भएका छन् । शिक्षित पुरुष भन्दा शिक्षित महिलाबाट समाजले बढी सामाजिक लाभ प्राप्त गर्न सक्ने सरोकारवालाको भनाइ रहेको छ । उनिहरुको भनाइ अनुसार पुरुष शिक्षित भए आफु मात्र शिक्षित हुने तर महिला शिक्षित भए परिवार नै शिक्षित हुन्छ । समानता र समृद्ध समाज निर्माण गर्न महिला शिक्षालाई जोड दिन जरुरी रहेको छ । यसका लागि विद्यालय छात्रवृत्ति कार्यक्रमले छात्राहरुलाई बढी प्राथमिकता दिनु  पर्ने धारणा प्राप्त भएको छ ।

### ४.२.५. नियमितताको आधार

विद्यालय तहको छात्रवृत्ति वितरणको आधार खोजि गर्दा विद्यार्थी नियमिततालाई एक महत्वपूर्ण आधारको  रुपमा लिइनु पर्ने धारणा अध्ययनबाट प्राप्त भएको छ । दलित, विपन्न तथा जनजातीका बालबालिकाहरु छात्रवृत्ति रकमका लागि एक भन्दा बढी विद्यालयमा भर्ना हुने र ती विद्यालयमा पालैपालो जाने गरेकोले सिकाइ दिगो हुन नसकेको र उक्त समुदायका बालबालिकाहरुको छात्रवृत्तिबाट सोचे अनुरुपको उपलब्धी प्राप्त हुन नसकेको र उक्त समुदायका वालवालिकाहरुको विद्यालय छोड्ने दर र दोहोर्याउने दर पनि वढि भएकोले छात्रवृत्तिबाट सोचे अनुरुपको उपलव्धी प्राप्त हुन नसकेको जस्ता समस्या निराकरण गर्न छात्रवृत्ति वितरणको आधार नियमिततालाई मान्नु पर्ने उनीहरुको भनाइ छ । छात्रवृत्ति वितरण गर्दा नियमित गृहकार्य तथा कक्षा कार्यमा सम्लग्न हुने विद्यार्थीहरुलाई प्राथमिकता दिदा प्रभावकारी हुने मत शिक्षकहरुको पाइयो ।

### ४.२.६. विद्यार्थी पृष्ठभूमिको आधार

विद्यालयमा छात्रवृत्तिका आधारहरु मध्ये विद्यार्थीहरुको विविध पृष्ठभूमिलाई पनि वितरणको आधार बनाउनु पर्ने धारणाहरु प्राप्त भएका छन् । समाजमा विध्यमान जातीय विविधता, भाषिक विविधता, सांस्कृतिक विविधतालाई सम्बोधन गर्न यस्तो आधार प्रभावकारी हुने मत पाइयो । विशेष गरी भाषिक, अल्यसंख्यक समुदाय र मातृ भाषा नेपाली भन्दा फरक रहेका बालबालिकाहरुलाई छात्रवृत्तिमा समाबेश गरिनु पर्ने धारण पाइयो । विपन्न वर्गलाई छात्रवृत्तिले केही राहत दिने र सहरी क्षेत्र भन्दा ग्रामिण क्षेत्रमा सिकाइ वातावरण कमजोर हुने भएकाले छात्रवृत्ति वितरणमा विपन्न र ग्रामिण पृष्ठमूमिलाई बढी प्राथमिकता दिनुपर्ने सुझावहरु पाइयो । अध्ययनका क्रममा प्र.अ.तथा शिक्षकबाट भराइएको प्रश्नावली र विद्यालय निरिक्षक र स्रोत व्यक्तिबाट लिइएको अन्तर्वाताको विश्लेषण गर्दा उनीहरुको छात्रवृत्तिको कोटाको आधार विद्यार्थी सख्यानै हुनु पर्ने धारणा व्यक्त गर्दछन् । विद्यार्थिहरुको उपलब्धीलाई छात्रवृत्ति वितरणको आधार बनाउनुपर्ने उनीहरुको मत रहेको छ । नियमावली र छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिकालाई व्यस्थित गरी सोहि अनुरुप छात्रवृत्तिको कोटा निर्धारण गर्दा विद्यार्थी संख्या र तिनीहरुको उपलव्धीलाई प्राथमिकता दिनु पर्ने धारणा रहेको पाईयो । छात्रवृत्ति कार्यक्रमलाई विद्यालयको आन्तरिक परीक्षा प्रणाली सँग अन्तर सम्वन्धित गरि छात्रवृत्ति कोटा निर्धारण र कार्यान्वयन गर्नु पर्ने सरोकारवालाहरुको धारणा रहेको पाईयो । प्रत्यक आवधिक आन्तरिक परीक्षाको उपलव्धीलाई आधार मानी जेहेन्दार र नियमित उपस्थित हुने विद्यार्थीलाई छात्रवृत्ति दिनु पर्ने शिक्षकहरुको अभिमत पाईयो । छात्रवृत्ति कोटा वितरण गर्दा दलित तथा विपन्नको नियमित उपस्थिति र निरन्तरतालाई पनि महत्वपूर्ण आधार वनाउनु पर्ने उनिहरुको धारणा छ । छलफलका क्रममा विद्यालय निरिक्षक र स्रोतव्यक्तिले विद्यार्थी संख्यालाई विखण्डित नगरि त्यसमा दलित , जनजाती र अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हिस्साको आधारमा मात्र छात्रवृत्ति कोटा वितरण गर्नु पर्ने राय व्यक्त गरेका छन् ।


छात्रवृत्ति कोटा वितरणका आधारहरुका सम्वन्धमा प्र.अ.,शिक्षक, स्रोतव्यक्ति र विद्यालय निरिक्षकहरुको धारणालाई विश्लेषण गर्दा भौगोलिक क्षेत्रलाई निश्चित कोटा दिई विद्यालय सेवा क्षेत्रको आर्थिक सामाजिक परिवेशको लेखाजोखागरी कोटा निर्धारण गर्नुपर्ने निष्कर्षममा पुग्न सकिन्छ । उनीहरुका अनुसार विद्यार्थी संख्या माग कोटा निर्धाणको आधार बनाउदा सामाजिक न्याय कायम हुन सक्दैन । त्यसैले भौगोलिक क्षेत्र भित्र पनि विद्यार्थिको उपस्थिति र उनीहरुको उपलब्धिलाई विशेष ध्यान दिई छात्रवृत्ति वितरण गर्नु पर्दछ । आर्थिक रुपले विपन्न वर्गलाई

उनीहरुको उत्सुकता र जेहेनदारीपनलाई हेरेर मात्र छात्रवृत्ति वितरण गर्नुपर्ने अभिमत पाइन्छ । छात्रवृत्ति प्रयोजनका लागि प्रत्येक विद्यालयले पारिवारिक लगत व्यवस्थित गर्नुपर्ने व्यवस्था नियमावलीमा भएपनि कुनै पनि विद्यालयले परिवारको आर्थिक विवरण सम्बन्धी अभिलेख व्यवस्थित गरेको पाइएन । त्यस्तै कक्षामा प्रथम वा द्वितीय हुनेलाई जेहेन्दार छात्रवृत्ति दिनुपर्ने व्यवस्था कार्यान्वन नभएको पाइयो । त्यसैले छात्रवृत्ति वितरण र कार्यान्वायनको निरिक्षण र अनुगमन पक्षलाई सशक्त बनाउन जरुरी रहेको देखिन्छ । छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न कोटा कसरी निर्धारण, वितरण गर्ने गरिएको भन्ने प्रश्नको निरुपण गर्न गरिएको प्रश्नावलि र अन्तवर्वाता तथा छलफलबाट निम्नाअनुसारको निश्कर्ष प्राप्त भएको छ ।

छात्रवृत्ति कोटा निर्धारण गर्दा विद्यार्थी संख्या, भौगोलिक क्षेत्र, वितरणको उपलब्धता भन्दा अन्य कुरा चिनजान, राजनैतिक निकटता, चाकडी, चाप्लुसीका आधारमा छात्रवृत्ति बाडिने गरेको ५३.३% अभिभावकको गुनासो छ । ४६.१५% प्र.अ. तथा शिक्षक विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा उपलब्ध हुने गरेको राय व्यक्त गर्दछन् । विद्यालय सुपरिवेक्षक र स्रोतव्यक्ति विद्यार्थी र विवरणको उपलब्धतालाई ५०%, ५०% छात्रवृत्ति कोटा वितरणको आधार मान्दछन् ।

छात्रवृत्ति वितरण गर्न के कस्ता आधारलाई उपयुक्त ठान्नुहुन्छ ? भन्ने प्रश्नमा गरिएको सर्वेक्षणबाट निम्नानुसारको निश्कर्ष प्राप्त भएको छ ।

चित्र नं. ४ : छात्रवृत्ति कोटा वितरणको आधार




स्रोतः स्थलगत अध्ययन २०७१

उक्त चित्रलाई विश्लेषण गर्दा अधिकांश अभिभावकहरु विपन्न वर्गलाई छात्रवृत्तिले समेट्नु पर्ने पक्षमा देखिन्छन् । उनीहरुका अनुसार समाबेशीका नाममा निश्चित जातका सबै छात्रवृत्ति आवश्यक छैनन् । निश्चित मापदण्डका आधारमा विपन्न परिवारलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने

उनीहरुको मत देखिन्छ । शिक्षक तथा प्र.अं को ४६.१५% विपन्न वर्गमा छात्रवृत्ति केन्द्रित हुनपर्ने बताउछन् । दलित तथा अल्पसंख्यक वर्गमा छात्रवृत्ति केन्द्रित हुनु पर्ने पक्षमा अभिभावकको १३.३% र प्र.अ. तथा शिक्षकको २३.०७% सहमति छ । भौगोलिक क्षेत्रका आधारमा छात्रवृत्ति कार्यक्रम सञ्चालन हुन पर्ने पक्षमा २०% अभिभावक र २३.०७% शिक्षक वर्ग सहमत छन् ।

## ४.३. छात्रवृत्ति कार्यक्रमका समस्या

कुनै पनि कार्यक्रम कार्यान्वायन गर्दा कुनै न कुनै रुपमा समस्याहरु सृजना हुन्छन् । विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमहरुमा कोटा निर्धारण देखि वितरण गर्दा सम्म विभिन्न प्रकारका समस्याहरु देखा परेका छन् । यस अध्ययन क्रममा गरिएका छलफल अन्तर्क्रिया तथा प्रश्नावलिबाट छात्रवृत्ति कार्यक्रमका समस्याहरु निम्नाअनुसार उल्लेख गर्न सकिन्छ ।

### ४.३.१. छात्रवृत्ति कोटा वितरणको समस्या

विद्यालय तहमा सम्पूर्ण दलित छात्रा र सिमान्तकृत, अल्पसंख्यकका लागि छात्रवृत्ति भनिने तर सबैलाई कोटा उपलब्ध नहुने समस्या देखिन्छ । यस्तो समस्या अघिल्लो शैक्षिक वर्षको तथ्याङ्कको आधारमा रकम निकासा गर्ने प्रचलनका कारण उत्पन्न भएको भनाई शिक्षकहरुको पाइयो । यस्तो प्रचलनले कतै सबै दलित र सबै छात्रालाई नपुग्ने र कतै दुरुपयोग हुने गरिके पाइएको छ । अघिल्लो वर्षको तुलनामा लक्षित वर्गमा विद्यार्थिको संख्या बढी र पछिल्लो वर्षमा कम  भएमा नक्कली विद्यार्थी खडा गरी फर्जी भरपाई गर्दै रकम दुरुपयोग हुने गरेको सरोकारवालाको भनाइ थियो । विद्यालय तहमा कोटा प्रणालिमा वितरण हुने छावत्रृत्ति सबै विद्यार्थीलाई नपुग्ने र यस्तो छात्रवृत्तिको रकम अन्य छात्रवृत्ति भन्दा बढी हुने भएकाले विद्यार्थी र अभिभावकहरु छात्रवृत्ति दिनका लागि विद्यालयमा व्यवस्थापन समिति र प्र.अ. लाई दबाब दिन समेत आउने गरेको प्र.अ.  हरुको गुनासो पाइएको छ ।

### ४.३.२. छात्रवृत्ति निकासाको समस्या

शोध अध्ययनका क्रममा  अभिभावकहरुले छात्रवृत्ति रकम जिल्लाबाट निकासा भईसक्दा पनि जिल्ला शिक्षा कार्यालयले विभिन्न बहानामा छात्रवृत्ति कोटा सम्बन्धी निर्णय गर्न ढिला सुस्ती गर्ने गरेको पाइएको छ । शिक्षा कार्यालयले विद्यालयले सन्चयकोष कट्टि नगरेको, कर कट्टी नगरेको तथा भौतिक संरचना निर्माण सम्बन्धि फरफराक नगरेको जस्ता बहानामा छात्रवृत्ति रकम समेत

समयमानै निकास नदिएको शिक्षक तथा प्र.अ.को भनाई पाइएको छ । छात्रवृत्तिको रकम विद्यालयको खातामा निकासा हुँदा समेत विद्यालय व्यवस्थापन समितिले समयमा निर्णय गर्न नसक्दा वितरणमा समस्या देखिएको अभिभावकको गुनासो रहेको पाइयो । यसो हुनुको कारण व्यवस्थापन समितिका व्यत्तिहरु बीच विद्यार्थी छनोटका कुरामा नमिल्नु मुख्य भएको अभिभावकहरुको भनाई छ । विद्याय व्यवस्थापन समिति गठन हुँदा नै राजनैतिक दलहरु बीच भाग वण्डा हुने गरेकोले छात्रवृत्ति कोटा वितरणमा समेत यसको प्रभाव परेको उनीहरुको भनाई छ ।

### ४.३.३. विद्यार्थी भर्ना सम्बन्धी समस्या

विद्यालय छात्रवृत्ति कार्यक्रम सम्बन्धी समस्याहरु मध्ये समयमा विद्यार्थी भर्ना नहुनु पनि जटिल समस्याको रुपमा रहेको अध्ययनबाट देखिएको छ । खास गरी दलित तथा  विपन्न अभिभावकहरुले शैक्षिक सत्रको आरम्भमा आफ्नो बालबालिकालाई विद्यार्थी भर्ना अवधिमा भर्ना नगराउने र सो समयभन्दा पछि भर्ना हुने विद्यार्थीहरुको अभिलेख पठाउन नसक्दा त्यस्ता विद्यार्थीले छात्रवृत्ति नपाउने र नपाउदा शिक्षक र स्टाफले दवाव खेप्नु परेको शिक्षकहरु बताउछन् । छावत्रृत्ति लिनका लागि मात्र विद्यालय आउने र नियमित नआउने बालबालिकाहरुलाई छात्रवृत्ति नदिने विरोधको सामना गर्नु पर्ने अवस्था सृजना भएको  भनाई प्र.अ. तथा शिक्षकको पाइयो । कतिपय अभिभावकहरुले बालबालिकाहरुलाई छात्रवृत्ति लिनका लागि चार वर्ष पुरा नभएका बालबालिकाहरु समेत विद्यालयमा भर्ना गरिएकाले कक्षा १ मा विद्यार्थी संख्या अधिक रहेको त्यसले सिकाई प्रभावित भएको समेत सरोकारवालाको भनाई रहेको पाइएको छ । कक्षा एकमा भर्ना भएका विद्यार्थीहरुले छात्रवृत्तिमा कम प्राथमिकता पाएको, छावत्रृत्ति दिँदा उमेरको ख्याल नगरिएको जस्ता कारणहरुले तल्ला कक्षाहरुमा छात्रवृत्तिले प्रोतसाहनको काम गर्न नसकेको पाइयो ।

### ४.३.४. विद्यार्थी उपस्थितिमा अनियमितताको समस्या

यस शोध अध्ययनको क्रममा गरिएको लक्षित वर्ग तथा सरोकारवाला सँगको सामुहिक छलफलमा छात्रवृत्ति वितरण गर्ने समयको नजिक विद्यालय आउने र छात्रवृत्ति पाएपछि सो बर्षका लागि विद्यालय छाड्ने समस्या रहेको प्र.अ. तथा शिक्षकको भनाइ रहेको पाइयो । नियमित तथा निरन्तर विद्यालय नआउने विद्यार्थीको संख्या बढ्दै गएको पाइएको छ । त्यस्तै छात्रवृत्ति प्राप्त गर्न एक भन्दा बढी सामुदायिक विद्यालयमा भर्ना हुने गरेको समेत अध्ययनबाट देखिएको छ । यस्ता विद्यार्थीहरु आफु भर्ना भएको विद्यालयहरुमा पालो गरी-गरी जाने गरेको पाइयो । सामुदायिक

विद्यालयमा विद्यार्थी संखया घट्दै जान र शिक्षक दरबन्दी विद्यार्थी संख्याको आधारमा वितरण गरिने भएको हुनाले दरबन्दी काटिने डरले एक भन्दा बढी विद्यालयमा भर्ना हुने पहिचान भए पनि त्यसलाई विद्यालय प्रशासनले व्यवस्थापन गर्न चासो नगरेको सरोकारवालाको भनाई रहेको पाइयो ।

### ४.३.५ छात्रवृत्ति वितरणको समस्या

विद्यालय तहमा प्राप्त हुने विभिन्न किसिमका छात्रवृत्तिहरु बितरणमा समस्या देखिएको छ । विशेषगरी कोटा बाट प्राप्त हुने छात्रवृत्ति र सम्पूर्ण छात्रा तथा दलित र सम्पूर्ण लोपनमुख तथा सिमान्तक्रित छात्रवृत्तिको रकम फरक फरक हुने हुनाले छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न समस्या भइरहेको प्र.अ. तथा शिक्षकहरुको भनाई छ । यसको समस्या माध्यमिक शिक्षा छात्रवृत्ति र लक्षित वर्ग छात्रवृत्तिमा बढी रहेको देखिएको छ । यी छात्रवृत्तिहरु दलित छात्रछात्रालाई दिँदा छात्रवृत्ति दोहोरिने र नदिएमा बढी रकम भएको छात्रवृत्तिचै आफुले नपाएको गुनासो गर्ने र सो छात्रवृत्ति प्राप्त गर्नका लागि शिक्षक स्टाफ तथा व्यवस्थापन समितिमा दबाब दिने समेत गरेको विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्र.अ. हरुले बताएका छन् । कतिपय विद्यालयहरुमा आफुलाई प्राप्त हुने छात्रवृत्ति कोटालाई ख्याल नगरी प्राप्त रकमलाई सम्पूर्ण विद्यार्थीहरुमा वितरण गर्ने गरेको समेत पाइएको छ । सम्पूर्ण दलित, छात्रा र सिमान्तकृत तथा लोपनमुख जस्ता छात्रवृत्तिहरु दश महिनाको एक शैक्षिक वर्ष मानेर प्रत्येक महिना किस्ता बन्दीमा बितरण गर्नुपर्नेमा यस्तो छात्रवृत्ति विभिन्न कारण देखाउँदै एकै पटक वितरण गरिदा छात्रवृत्ति रकम शैक्षिक कार्यमा भन्दा घर खर्चमा प्रयोग हुने गरेको सरोकारहरुको भनाई रहेको पाइएको छ । यी छात्रवृत्तिहरु प्रत्येक महिनामा पाउने रकम बराबरका शैक्षिक सामग्रीहरु विद्यालयले नै खरिद गरी अभिभावकहरुबाट सो वरावरको शैक्षिक सामग्री किनाएको विल लिएर भुक्तानी गर्ने व्यवस्था गर्नु पर्ने सुझाव प्राप्त भएको छ । स्थानिय संघ संस्था तथा व्यक्तिहरुबाट स्थापना परिएको छात्रवृत्ति तथा पुरस्कार वितरणमा समेत गुनासा र समस्या हुने गरेको पाईएको छ । यसरी स्थानीय स्तरमा स्थापना गरिएको छात्रवृत्ति वितरणमा निष्पक्षता नरहेको उनिहरुको गुनासो रहेको पाइएको छ । यस्ता पुरस्कार तथा छात्रवृत्ति विशिष्ट र स्पष्ट आधार निर्माण गरी कार्यान्वयन गर्नु पर्ने सरोकारवालाको अभिमत पाईयो ।

## ४.३.६ छात्रवृत्ति दुरुपयोग हुने समस्या

यस शोध अध्ययनका क्रममा छात्रवृत्तिको कोटा वितरण देखि छात्रवृत्तिका लागि विद्यार्थी छनोट र वितरण सम्ममा लापरवाही, अनियमितता र दुरुपयोग भइ रहेको सरोकारवाला अभिभावकहरुको शिकायत रहेको पाईयो । उनीहरुले छात्रवृत्ति कोटाको लागि विद्यार्थीको तथ्याङ्क बढाएर पठाउने, बढी रकमको बील बनाई कम रकमको शैक्षिक सामग्रि र पोषाक उपलब्ध गराउने गरेको गुनासो व्यक्त गरका छन् । छात्रवृक्ति तथा शैक्षिक सहुलियतको दुरुपयोगमा जिल्ला शिक्षा कार्यालय र विद्यालय दुबै दोषि रहेको सरोकारवालाको भनाइ पाइयो । पाठ्यपुस्तक वितरणमा नै बर्षेनी करोडौको अनियमितता हुने गरेको अभिभावकको भनाइ थियो । छात्रवृत्तिको रकम दुरुपयोग विद्यालय वा प्र.अ. ले मात्र गर्न नसक्ने र यस सँग शिक्षा कार्यालयको समेत प्रत्येक्ष ,अप्रत्येक्ष संलग्नता रहेन गरेको शिक्षकहरुको भनाई रहेको पाइयो । छात्रवृत्ति रकम नगद वा जिन्सिको दुरुपयोग रोक्न जिल्ला शिक्षा कार्यालय, क्षेत्रिय शिक्षा निर्देशनालय, विभाग र मन्त्रालयका साथै अन्य सरकारी वा गैर सरकारी संघ संस्थाहरुले नियमित अनुगमन गर्नु पर्ने सुझाव सरोकारवालहरुबाट प्राप्त भएको छ । छात्रवृत्ति रकम दुरुपयोग र चुहावट गर्ने माथि कारबाही गरी गल्ती गर्नेलाई कारबाही गरी गल्ती गर्नेलाई कारबाही हुन्छ भन्ने विश्वास दिलाउनु पर्ने भनाई अध्ययनमा परेका व्यक्ति हरुको थियो । जिल्ला शिक्षा कार्यालय छात्रवृत्ति कार्यक्रमको वितरक मात्र नभई प्रभावकारी कार्यान्वायन गर्ने, नियन्त्रण गर्ने र सतर्क तथा सचेत गराउने जिम्मेवार कार्यालय समेत हो भन्ने सन्देश दिन सक्नु पर्ने धारण सरोकारवालहरुको रहेको पाइयो ।

यसरी अध्ययनका क्रममा छात्रत्रवृत्ति कार्यक्रम प्रति धेरै समस्याहरु रहेको पाईयो । ती समस्याहरुलाई विश्लेषण गर्दा प्रथमिक तथा निम्न माध्यमिक ( १-८ कक्षा) तहका सम्पूर्ण दलित तथा सम्पूर्ण छात्रा विद्यार्थीहरुलाई कोटा उपलव्ध नहुदा विद्यालयमा छात्रवृत्ति वितरण गर्दा सवैलाई भन्ने तर नवाँडिने समस्या देखिन्छ । छात्रवृत्ति जिल्लामा निकासा भईसक्दा पनि समस्या नै कोटाको निर्धारण र निर्णय गरी विद्यालयमा रकम निकासा गर्ने कार्यमा ढिलासुस्ती हुने समस्या देखिन्छ । छात्रवृत्ति लिनको लागि मात्र विद्यालयमा आउने र नियमित नआउने वालवालिकालाई नदिंदा विरोधको सामना गर्नु पर्ने समस्या देखिन्छ । छात्रवृत्तिको रमक कम भएकाले महंगीमा यतिले के हुन्छ ? भन्ने भावनाले उक्त रकम लापरवाही हुने समस्या देखिन्छ । छात्रवृत्ति वितरण गर्ने समयको नजिक ओरपरका विद्यालयमा आउने र छात्रवृत्ति पाएपछि विद्यालय छाड्ने , नियमित र निरन्तर विद्यालय नआउने समस्या देखिन्छ । छात्रवृत्ति लिन आएमा ४ वर्ष पूरा नभएका वालवालिकाहरु समेत विद्यालयमा भर्ना हुन आउने हुनाले कक्षा १ मा विद्यार्थी संख्या अधिक हुन

गई शिक्षण गर्न समस्या देखिन्छ । विद्यालय तहमा कोटा प्रणालीमा वितरण हुने छात्रवृत्ति सबै विद्यार्थीलाई नपुग्ने हुनाले विद्यार्थी र अभिभावकमा छात्रवृत्तिप्रति नै नकारात्मक धारणाको विकास हुने समस्या देखिन्छ । अभिभावकले शैक्षिक सत्रको प्रारम्भमा आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गराउने अवधिमा भर्ना नगराउने र सो समय भन्दा पछि भर्ना गराउने , विद्यार्थीको अभिलेख पठाउन नसकिने र यस्ता विद्यार्थीले छात्रवृत्ति नपाउँदा प्र.अ. र शिक्षकहरुसँग गुनासो गर्ने समस्या देखिन्छ । छात्रवृत्ति वितरणको प्रभावकारीता तथा छात्रवृत्ति वितरण गरे नगरेको अनुगमन र निरीक्षण नहुने समस्या देखिन्छ । शोध अध्ययनको क्रममा विद्यालयहरुमा हाल सम्म जि.शि.का. र स्रोतव्यक्ति तथा स्थानीय निकायहरुबाट कुनै पनि निरिक्षण प्रभावकारी बन्न सकेको छैन । कक्षा १ मा भर्ना हुनका लागि प्रोत्साहनको रुपमा छात्रवृत्तिले काम गर्न सकेको छैन । गरिव विपन्न परिवारका विद्यार्थीहरु पहिचान गरी त्यसको तथ्यगत रुपमा पहिचान गरी अनुमानको भरमा छात्रवृत्ति वितरण गर्ने गरेको पाईन्छ । तथ्यगत रुपमा गरिब र विपन्न पविारका वालवालिकाहरु छनौट गर्ने संयन्त्रको विकास नहुनु समस्याको रुपमा देखिन्छ ।

## ४.४ छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन

विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमप्रति शोध पत्र तयार गर्ने क्रममा छात्रवृत्ति कार्यक्रमको विश्लेषणात्मक मूल्याङ्कन गर्न प्रयोग गरिएको प्रश्नावली र अध्ययनका क्रममा गरिएका सामुहिक अन्तरकृयाका सहभागीहरुबाट प्रप्त विचार , धारणाहरुको व्याख्या विश्लेषण गर्दा छात्रवृत्तिका सम्वन्धमा सकारात्मक र सुधारात्मक पक्षहरु प्राप्त भएका छन् ।

विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमप्रति सामाजिक दृष्टिकोण विषयक शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्ति कार्यक्रमको विश्लेषणात्मक मूल्याङकन गर्न प्रयोग गरिएको प्रश्नावली र अध्ययनका क्रममा गरिएको सामुहिक अन्तरकृया सहभागीहरुको धारणाबाट छात्रवृत्तिले दलित, उत्पिडित र विपन्न वर्गलाई स्कूल जाउँ भनेर सचेत गराएको अभिभावकहरुको बुझाई छ । छात्रवृत्ति र शैक्षिक सहुलियतले विपन्न वर्गको शिक्षामा सहभागिता वढाउन महत्वपूर्ण भूमिका खेलेको विद्यालय निरिक्षक तथा शिक्षकहरुको भनाई रहेको छ । छात्रवृत्तिले शिक्षा प्रति विमुख समुदायलाई शिक्षा आर्जनका लागि उत्प्रेरित गरेको सरोकारवालाहरुको भनाई थियो । सम्पूर्ण दलित र सम्पूर्ण छात्रालाई छात्रवृत्ति दिने व्यवस्थाले दलित र सिमान्तकृत तथा महिलालाई शिक्षाको मूलधारमा ल्याउन सहायोग पुग्न गएको र यसले शिक्षाको राष्ट्रिय सुचकहरुमा महत्वपूर्ण र सकारात्मक परिवर्तरन हुने अध्ययनमा परेका व्यक्तिहरुको बुझाइ छ । दलित,बिपन्न बर्गको

सामाजिकीकरणमा छात्रवृत्ति कार्यक्रमले सहयोग गर्नुका साथै छात्रवृत्ति कार्यक्रमले वालवालिकाहरुमा सामाजिक समानताको भावना विकास गर्न सहयोग पुगेको शिक्षकहरुको भनाई पाईयो । छात्रवृत्ति रकमले विद्यार्थीलाई शैक्षिक सामग्री किन्न केहि हद सम्म सहयोग पुगनुलाई सबै पक्षबाट सकारात्मक रुपमा लिइएको छ । छात्रवृत्तिले दलित तथा विपन्न र जेहेन्दार विद्यार्थीलाई सहयोग गर्नु सरकारको राम्रो पक्ष हो । छात्रवृत्ति रकमले वालवालिकाहरुको आफुले चाहेको सामग्री किन्न सक्दैनन् । छात्रवृत्ति कार्यक्रमले दलित , विपन्न समुदायका वालवालिकाहरुको विद्यालय भर्ना दर वढाएको छ । विद्यालय नजाने वालवालिकाहरुको छात्रवृत्ति पाउने आशामा विद्यालय प्रवेश गरेका छन् । थोरै भएपनि गरीव तथा विपन्न वर्गलाई राहत भएको छ ।

दलित , विपन्न तथा जेहेन्दार वालवालिकाहरुलाई भविश्यको लागि जाँगर वढाएको छ । आर्थिक रुपमा विपन्न वर्गलाई केही आर्थिक सहयोग भएको छ । शिक्षा प्रति विमुख समुदायलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । समानतनको भावना विकास गर्न सहयोग पुगेको छ । दलित तथा विपन्न परिवारको शिक्षामा सहभागिता वृद्धि भइ साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका वालवालिकाहरु गैर दलितका वालवालिकाहरुसँग समाहित भएका छन् ।

सामाजिक समानताको भावना विकास गर्न सहयोग पुगेको छ । दलित र विपन्न समुदायका वालवालिकाहरुलाई मूलधारमा ल्याउन सहयोग गरेको छ । छात्रवृत्ति कार्यक्रमले शिक्षा सिकाईमा सकारात्मक विभेद वढाउने प्रयास गरेको छ । विद्यालय प्रति सकारात्मक धारणा विकास गर्न सहयोग गरेको छ । छात्रवृत्ति कार्यक्रले दलित समुदायका वालवालिकाहरु उत्प्रेरित भएका छन् । शैक्षिक सामग्रीमा छात्रवृत्ति कार्यक्रमले सकारात्मक प्रभाव पारेको छ ।

विद्यालय छात्रवृत्ति कार्यक्रमको वितरणको अवस्था विषयक शोधपत्रको सोधखोज र अध्ययन अनुसन्धानबाट छात्रवृत्ति कार्यक्रम सम्वन्धी देहायका नकारात्मक पक्षहरु प्राप्त भएका छन् । विद्यालय तहमा सञ्चालन हुने छात्रवृत्ति कार्यक्रमको संख्या प्रकृति र मात्रामा क्रमशः वृद्धि हुदै गए पनि विद्यालय छात्रवृत्ति कार्यक्रप्रति समाजको दृष्टिकोण पूर्ण रुपमा सकारात्मक हुन नसकेको अध्ययनको क्रममा देखिएको छ । छात्रवृत्ति कार्यक्रम आदर्शात्मक रुपमा अघिवढेको सरोकारवालाको भनाइ पाईयो । लोकप्रियताका लागि छात्रवृत्ति कोटा वितरण गर्ने प्रचलन , छात्रवृत्तिको रकम अति न्यून हुन गई हात्तीका मुखमा जिरा भएको अभिभावकहरुको गुनासो पाईयो । सम्पूर्ण दलित , सम्पूर्ण छात्रालाई छात्रवृत्ति दिनु , आर्थिक पक्षलाई ख्याल नदिइनु , सस्तो लोकपृयता मात्र भएको उनिहरुको भनाई रहेको छ । उनिहरुका अनुसार छात्रवृत्ति जातजाती वा लिङ्ग भन्दा आर्थिक रुपले विपन्न र जेहेन्दारलाई दिईनु पर्दछ । छात्रवृत्ति पाएका विद्यार्थीको

उपलव्धी र व्यवहार व्याख्या विश्लेषण नगरी वर्षपिच्छे छात्रवृत्ति रकम दिने प्रवृत्तिले दलित , अल्पसंख्यक समुदायमा परनिर्भरता वढाएको सरोकारवालाको भनाई छ । शैक्षिक चेतनाको कमिले छात्रवृत्ति पाएर दलित अभिभावकहरुमा अहंकार र अभिमान वढेको अनुभव गैर दलित अभिभावकहरुले गरेको देखियो । दातृ समुदायलाई देखाउन केन्द्रले र माथिल्लो निकायमा देखाउने जिल्ला तथा विद्यालयले हचुवा र अनुमानको भरमा छात्रवृत्तिको लागि तथ्याङ्क भर्ने , सम्प्रेशण गर्ने , कोटा निर्धारण गर्ने र वितरण गर्ने विशिष्ट आधारहरु तयार नहुनु र वितरणमा प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको तजविजमा निर्णय हुनु जस्ता कारणले छात्रवृत्ति वितरणमा पक्षपात हुनेगरेको अभिभावकहरुको गुनासो पाईयो । छात्रवृत्ति रकम कक्षागत लगत अनुसार निर्धारण गरि कक्षा वढ्दै जादा छात्रवृत्ति रकम पनि वढ्दै जानु पर्नेमा त्यसो नगरि सवै कक्षामा एउटै रकम कायम गरिनु पनि तर्क संगत नरहेको भनाईहरु प्राप्त भएका छन् । छात्रवृत्ति रकम आसलाग्दो भए पनि अत्यधिक न्यून छ । अभिभावकहरुबाट छात्रवृत्ति शिक्षाको लागि आफ्ना वालवाकिाहरुको निम्ति खर्च नगरि दुरुपयोगको रुपमाखल्ती खर्च भएको छ । छात्रवृत्ति रकम किस्तावन्दी प्रणालीमा वितरण नगरि एकै पटक वितरण गरिने हुदा दुरुपयोग भएको छ । छात्रवृत्ति कार्यक्रमको निरीक्षण , अनुगमन जिम्मेवारीपूर्ण छैन । छात्रवृत्ति वितरणमा निश्पक्षता र एकरुपता भएको छैन ।

छात्रवृत्ति वितरण गर्ने समय र वितरण प्रकृया आधारहिन रुपमा कार्यानवयन भएको छ । दलित, विपन्न तथा जेहेन्दारलाई छात्रवृत्ति सुविधा प्रदान गर्नु पर्ने कारण सेमिनार , अन्तरकृया आदिबाट प्रचार प्रसार भएको छैन । दलित छात्रवृत्ति भनेको तल्लो जातीले पाउने छात्रवृत्ति भनि विभेद गरेको पाईएको छ । दलित छात्रवृत्तिले अन्य गरिवीको रेखामुनि रहेका विपन्न गैर दलित समुदायका जातीहरुमा इर्ष्याको भावना वढाएको छ । स्वच्छ सामाजिक संरचनामा जातीय विभाजन गर्न वल पुऱ्याएको समेत भनाई अध्ययनका क्रममा पाइएको छ ।

## ४.५ छात्रवृत्ति कार्यक्रम प्रभावकारी वनाउने उपाय

सामुदायिक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था शिर्षकको शोध तयार गर्ने क्रममा गरिएको छात्रवृत्ति कार्यक्रम प्रभावकारी वनाउने उपायहरुको अध्ययनबाट प्राप्त धारणाहरुको आधारमा छात्रवृत्ति प्रभावकारी वनाउने उपायहरु यस प्रकार उललेख गर्न सकिन्छ :

### ४.५.१ उपयुक्त कानुनी व्यवस्था

विद्यालय तहको शैक्षिक व्यवस्थापन सम्वन्धी कानुनी प्रश्नहरुको उचित सम्वोधन गर्न आवश्यक देखिएको छ । विद्यालय तहमा सरकारी र नीजि लगानि , सरकारी र नीजि व्यवस्थापन

वा व्यवस्थापन साझेदारी, शिक्षण सिकाईको भाषा , विभिन्न शैक्षिक निकायहरुको अधिकार र कर्तव्य , स्थानीय निकायको शिक्षा र छात्रवृत्ति कार्यक्रमको दायीत्व आदिको बारेमा स्पष्ट कानुनी व्यवस्थापन गर्नु पर्दछ ।

### ४.५.२ तथ्याङ्क व्यवस्थापनको सुदृढिकरण

विद्यालय छात्रवृत्ति कार्यक्रम प्रभावकारी वनाउन छात्रवृत्ति प्राप्त गर्नका लागि तथ्याङ्क वढाएर देखाउने प्रवृत्तिलाई नियन्त्रण गर्न तथ्याङ्क व्यवस्थापनमा आधुनिकीकरण , विद्युतिय सूचना प्रणाली लागु गर्नु पर्ने सुझावहरु प्राप्त भएका छन् । विद्यालयको सेवा क्षेत्रको जनसंख्याको वनोट , महिला, दलित, जनजाती , द्वन्द पिडित, लोपोन्मुख तथा सिमान्तकृत जातीको संख्या जस्ता पक्षहरु समेटेर परिचय पत्र वितरण गरी छात्रवृत्ति उपलव्ध गराउनु पर्दछ । विद्यार्थीहरु एक भन्दा वढी विद्यालयमा भर्ना हुने समस्यालाई निराकरण गर्न फोटो सहितको परिचय पत्रको व्यवस्थालाई कडाइकासाथ लागु गर्नु पर्दछ ।

### ४.५.३ प्रशासनिक पारदर्शिता र व्यवस्थापन

विद्यालय छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन शैक्षिक प्रशासनका अंगहरुलाई पारदर्शि र चुस्त वनाउनु पर्दछ । केन्द्र , जिल्ला र विद्यालय तहमा हुने प्रशासनिक ढिलासुस्ति , आलटाल र जिम्मेवारी पन्छाउने प्रवृत्तिलाई अन्त्य गर्नु पर्दछ । प्र.अ. नियुक्त ,शिक्षक सरुवा , सञ्चय कोष कट्टी तथा भौतिक संरचना निर्माणको फर-फराक जस्ता वहानामा छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावित हुन नदिन विशेष ध्यान दिनु पर्दछ ।

### ४.५.४ छात्रवृत्तिका लागि उपयुक्त आधारहरुको खोजी

सामुदायीक विद्यालयको छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन छात्रवृत्ति कोटा वितरणका वर्तमान आधारहरुलाई समयानुकूल मूल्याङ्कन , परिवर्तन र परिमार्जन गर्नुपर्दछ । यसका लागि छात्रवृत्तिका आधारहरुलाई पुनर्मूल्याङ्कन गर्न समय समयमा कार्यदल वनाई त्यसको प्रतिवेदनका सिफारिसका आधारमा छात्रवृत्तिको उपयुक्त र प्रभावकारी आधारहरु लागु गर्नु पर्दछ । छात्रवृत्ति रकम कक्षगत लागतका आधारमा पुनरावलोकन गरी न्यूनतम आवश्यकता परिपुर्ति गर्न सक्ने रकमको व्यवस्था गर्नु पर्दछ ।

### ४.५.५ विद्यार्थी भर्ना र स्थानान्तरणको प्रभावकारी व्यवस्थापन

विद्यालय छात्रवृत्ति कार्यक्रलाई प्रभावकारी वनाउन विद्यार्थी भर्ना पद्धतीलाई निश्चित समयमा सञ्चालन गर्ने र सो समय भन्दा पछि कुनै विद्यार्थीलाई भर्ना नलिने कानुनी व्यवस्था गर्नु पर्दछ । सम्वन्धित विद्यार्थीको स्थानान्तरण प्रमाण पत्र विना एक विद्यालयबाट अर्को विद्यालयमा हुने स्थानान्तरणलाई प्रतिवन्ध गरिनु पर्दछ । पाँच वर्ष भन्दा कम उमेरका वालवालिकाहरुलाई कक्षा एकमा भर्ना देखाउने चलनलाई अन्त्य गर्नु पर्दछ । वालकक्षा व्यवस्थापनलाई विद्यालय संरचनामा समावेश गरी सो तहमा पनि छात्रवृत्ति व्यवस्था गर्नु पर्दछ ।

### ४.५.५ नियमित र प्रभावकारी विद्यालय निरीक्षण र अनुगमन

विद्यालय तहको छात्रवृत्ति लगायत हरेक क्रियाकलापलाई प्रभावकारी वनाउन नियमित र प्रभावकारी विद्यालय निरीक्षण अनुगमन गरिनु पर्दछ । विद्यालय निरीक्षकहरु विद्यालय नै नपुग्ने परम्परालाई परिवर्तन गरिनु पर्दछ । विद्यालय सुपरिवेक्षण प्रणालीलाई व्यवस्थित गर्न सके विद्यालय तथ्याङ्क चुस्त र दुरुस्त वनाउन र विद्यालय छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन महत्वपूर्ण सहयोग पुग्दछ । विद्यालय अनुगमन गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यहरुको अनुगमन समिति वनाई सकृय वनाउनु पर्दछ ।

## ४.६ प्राप्ति

यो अध्ययन प्रतिवेदन तेह्रथुम जिल्लामा सामुदायीक विद्यालयमा वितरित छात्रवृत्ति कार्यक्रमको अवस्था नामक शिर्षकमा तयार पारिएको छ । यो विषयको अध्ययन गर्ने क्रममा प्रश्नावली तथा अन्य सहायक स्रोतको प्रयोग गरिएको छ । उक्त तथ्याङ्क , तथ्य तथा विचार दृष्टिकोण र सूचना संकलनका लागि जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक , म्याङ्लुङ स्रोत केन्द्रका स्रोत व्यक्ति, प्र.अ. तथा शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकहरु उद्धेश्यमूलक नमूना छनौटका आधारमा २६ जना छनौट गरिएको छ । जसबाट प्राप्त तथ्याङ्कहरु, विचार र दृष्टिकोणहरुको व्याख्या र विश्लेषणबाट निम्नानुसारको प्राप्ती हुन आएको छ । विद्यालय छात्रवृत्ति कार्यक्रम नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि अति आवश्यक छ । छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थी , अभिभावक र समुदायले महत्वपूर्ण लाभहरु प्राप्त गरिरहेको पाईयो । छात्रवृत्ति कार्यक्रमले विपन्न वर्गका विद्यार्थीलाई पाठ्यपुस्तक, स्टेशनरी, विद्यालय पोशाक, झोला आदि व्यवस्था गर्न सहयोग पुऱ्याएको पाईयो । विद्यालय छात्रवृत्ति कार्यत्रमले

समाजमा दलित, महिला, सिमान्तकृत, लोपोन्मुख तथा विपन्न वर्गको साक्षरता वृद्धि गर्न, तिनीहरुको शिक्षामा पहुँच वृद्धि गर्न र उनीहरुलाई समाजको मुलधारमा ल्याउन मद्यत गरेको छ । छात्रवृत्ति कार्यक्रमले केहि हद सम्म आर्थिक राहत प्रदान गरेको छ । विद्यालय शिक्षाबाट वञ्चित समुहलाई शिक्षाका लागि प्रेरित गरेको छ । समानताको भावना विकास गर्न सहयोग गरेको छ । समाजमा विद्यमान रहेको लैंङ्गिक, सामाजिक तथा जातीय भेदभाव अन्त्य गरी समाजलाई परिवर्तन गराउने अग्रसरता वढाउन सहयोग पुगेको छ । दलित तथा विपन्न परिवारको शिक्षामा सहभागिता वृद्धि भइ साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका वालवालिकाहरु गैर दलितका वालवालिकाहरुसँग समाहित भएको पाईयो । छात्रवृत्ति कार्यक्रमप्रति  अभिभावकहरुको चासो वढेको पाईयो । ३३% अभिभावकहरु र ६१.६% प्र.अ. तथा शिक्षकहरु छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक दृष्टिकोण राख्दछन् । छात्रवृत्ति पाए पश्चात विद्यार्थी उपस्थिती र उनीहरुको शैक्षिक उपलव्धीहरुमा सुधार आएको छ । छात्रवृत्तिको रकम प्रति अभिभावकहरु सन्तुष्ट हुन नसकेको पाईयो । छात्रवृत्ति कोटा वितरण पारदर्शी र प्रभावकारी हुन सकिरहेको छैन । छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रियामा एक रुपता हुन सकिरहेको छैन । छात्रवृत्ति कार्यक्रममा आधारहरु आर्थिक रुपमा पुनरावलोकन गर्न जरुरी छ । सरकारी नीति अनुरुप छात्रवृत्ति कार्यक्रमहरु कार्यान्वयन भएको पाईएको छैन । नियमित रुपमा विद्यालयमा विद्यार्थी पठाउने, लक्षित समुहका अभिभावकहरुलाई र उच्च शैक्षिक उपलव्धी प्राप्त गर्ने विद्यार्थीहरुका अभिभावकहरुलाई समेत पुरस्कार दिने व्यवस्था गर्नु पर्ने मत प्राप्त भएका छन् । छात्रवृत्ति वितरण गर्दा अनिवार्य रुपले व्यवस्थापन ससमितिको वैठकबाट निर्णय गराई अभिभावक भेला गराई छात्रवृत्तिको महत्व दर्शाई वितरण गर्नु पर्ने मतहरु पनि पाईयो । छात्रवृत्ति कार्यक्रमको अनुगमन, निरीक्षण तथा नियन्त्रण र निर्देशनका लागि जिल्ला देखि गाउँ सम्म निश्चित संयन्त्र वनाई सञ्चालन गर्नुपर्ने सुझाव पाईयो । छात्रवृत्ति जात विशेषका आधारमा नभई वास्तविक विपन्न वर्गलाई दिनुपर्ने सुझाव पनि पाइयो । छात्रवृत्ति लक्षित वर्गसम्म प्रभावकारी  रुपले पुग्न नसकेको पाईयो ।

# परिच्छेद पाँच :  निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

तेह्रथुम जिल्ला म्याङ्लुङ स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुका अभिभावकहरु, प्र.अ. तथा शिक्षकहरुलाई आधार मानी गरिएको सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था शिर्षकको शोध अध्ययनका क्रममा प्राप्त नतिजाको निम्नानुसार निश्कर्ष निकालिएको छ ।

छात्रवृत्ति कार्यक्रमबाट शिक्षाको मुलधारमा समावेश भएका वालवालिकाको माध्यमबाट समाजमा पिछडिएको समुदायलाई समाजको मुलधारमा ल्याउन सहयोग पुगेको छ । छात्रवृत्ति कार्यक्रमबाट अभिभावकहरुको आर्थिक , सामाजिक , मनोवैज्ञानिक र भौतिक रुपमा लाभ लिइरहेका छन् । छात्रवृत्ति कार्यक्रमले दलित , विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई आर्थिक तथा भौतिक सहयोग पुगन गइ उनीहरुमा सामुहिक प्रतिस्पर्धा र समानताको भावना विकास गरेको छ । विद्यालय छात्रवृत्ति कार्यक्रमले महिला , दलित तथा विपन्न समुदायका मानिसहरुलाई समुहिक भावना र सामाजिक चेतनाको विकास गर्दै वढ्नु पर्दछ र पढाउनु पर्दछ भन्ने सन्देश प्रवाह गरेको छ । छात्रवृत्ति वितरणले गर्दा दलित तथा विपन्न वालवालिकाहरुको विद्यालय शिक्षामा सहभागिता र उत्तीर्ण दरमा उल्लेख्य वृद्धि गर्न सहयोग पुगेको छ । छात्रवृत्ति वितरणलाई औपचारिक समारोह गरि वितरण गरिनु पर्दछ भन्ने कुरा अधिकांश अभिभावकहरुको मत पाइए पनि विद्यालयमा सामान्य ढंगबाट अभिभावक बोलाएर वा विद्यार्थी स्वयम्लाई छात्रवृत्ति वितरण गर्ने गरिएको छ । छात्रवृत्ति वितरणको प्रभावकारी निरीक्षण हुने गरेको छैन । छात्रवृत्ति वितरण प्रकृया र समय प्रभावकारी  नभएकाले छात्रवृत्तिले अपेक्षाकृत प्रभाव पार्न सकेको देखिदैन । छात्रवृत्तिको प्रयोग र उपयोग सम्वन्धमा जिल्ला, स्रोतकेन्द्र र विद्यालयले अभिमुखीकरण कार्यक्रम आयोजना गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । समग्रमा विद्यालय तहको छात्रवृत्ति कार्यक्रमले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिएको छ ।

शिक्षा मानव विकासको सूचाङ्कको महत्वपूर्ण सूचक हो । शैक्षिक उपलव्धिलाई जनजाती, दलित, अल्पसंख्यक, सिमान्तकृत, भौगोलिक क्षेत्र, ग्रामिण र शहरी क्षेत्रका आधारमा व्याख्या विश्लेषण गर्न आवश्यक हुन्छ । यस्तो विश्लेषणबाट तुलनात्मक रुपमा शिक्षाको पहुँच नभएका वर्गलाई समान र न्यायोचित सहभागिता सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रम अति आवश्यक हुन्छ । त्यसैले सबै जाती , अल्पसंख्यक , सिमान्तकृत समुदाय , महिला तथा अपाङ्गको शैक्षिक उपलव्धि वृद्धि गर्न छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक छ । छात्रवृत्ति कार्यक्रमलाई समावेशीकरणको सिद्धान्त अनुसार सञ्चालन गरिनु पर्दछ । छात्रवृत्ति कार्यक्रमले

जातीगत , लैङ्गीक र भौगोलिक आधारमा समानता कायम गर्न सक्नु पर्दछ । सम्पूर्ण दलित तथा छात्रा छात्रवृत्ति कार्यक्रमले समानता र समताको सिद्धान्तलाई अनुसरण गरेको पाईदैन । छात्रवृत्ति कोटा वितरण प्रणाली पारदर्शी नभएको पाईन्छ । विद्यार्थीको तथ्याङक बढाएर देखाउने प्रवृत्तिले सामुदायिक विद्यालयमा छात्रवृत्ति रकम सदुपयोग हुन सकेको छैन साथै छात्रवृत्ति कार्यक्रमले समेट्नु पर्ने वास्तविक विद्यार्थीलाई समेट्न सकेको छैन । अतः छात्रवृत्ति कार्यक्रमको समसामयिक पुनरावलोकन हुन नसकेकाले प्रभावकारी हुन सकेको देखिदैन ।

## ५.२ सुझावहरु

विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउन निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

सम्पूर्ण परिवारको सामाजिक तथा आर्थिक स्तरीकरण गरी परिचय पत्रको आधारमा शैक्षिक सहुलियत तथा छात्रवृत्ति दिने व्यवस्था गरिनु पर्दछ । जसले गर्दा समानताको प्रत्याभूपत हुन्छ । छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका वनाई प्रभावकारी रुपमा लागु गरिनु पर्दछ । कार्यान्वयन निर्देशिकाको निति अक्षरस अबलम्वन गराइनु पर्दछ । विद्यार्थी तथ्याङ्कलाई चुस्त र दुरुस्त वनाउन स्रोतकेन्द्र र स्रोत व्यक्तिको भूमिका प्रभावकारी वनाई एकिकृत तथ्याङ्कको व्यवस्था गरिनु पर्दछ । स्रोतकेन्द्र स्तरीय तथ्याङ्कले छात्रवृति दोहोरो हुने अवस्था रोक्न सहयोग पुग्छ । छात्रवृत्ति वापत पाउने रकम वा सामग्री समय अनुकूल वृद्धि गरिनु पर्दछ साथै समयमा नै छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ । छात्रवृत्ति कार्यक्रमलाई उपयोगी वनाउन सरोकारवालाहरुलाई छात्रवृत्ति सम्वन्धि आवश्यक प्रशिक्षणको व्यवस्था गरिनु पर्दछ । यसले गर्दा छात्रवृत्ति रकम सहि ढंगबाट प्रयोग भई देशको शैक्षिक विकासमा टेवा पुग्न सक्दछ । छात्रवृत्ति रकमलाई वास्तविक अर्थमा विद्यार्थीहरुको शैक्षिक विकासका निमित्त प्रयोग गर्ने वातावरणको विकास गरिनु पर्दछ । छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार भए नभएको अनुगमन गर्न प्रभावकारी समावेशी अनुगमन संयन्त्र निर्माण गरिनु पर्दछ । प्रत्येक विद्यालयमा छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न कानुनी व्यवस्था मिलाउनु पर्दछ । जनजाती,दलित, र सिमान्तकृत वर्ग भन्दा पनि अति विपन्न वर्गमा छात्रवृत्ति वितरणलाई सुनिश्चित गर्नु पर्दछ । छात्रवृत्ति पाएको विद्यार्थीले शैक्षिक सत्र पुरा गरे नगरेको कडाइका साथ निरीक्षण गरिनु पर्दछ ।

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयमा वितरण गरिने छात्रवृति कार्यक्रमलाई प्रभावकारी बनाउन हाल भइरहेको छात्रवृति प्रणालिमा परिवर्तन गर्दै समानता र समावेशी सिद्धान्त अपनाउनु पर्दछ । विद्यार्थी र अभिभावकको आर्थिक सामाजिक स्तरीकरण गरी विपन्नताका अधारमा छात्रवृति दिने नीति बनाउनुपर्छ ।

### ५.२.२ कार्यान्वयन तह

छात्रवृति कार्यक्रमलाई प्रभावकारी बनाउन नीति निर्माणका अधारमा कार्यान्वयन गर्नु पर्दछ । विद्यालयहरूले अभिभावक भेलामा छात्रवृतिको उद्देश्य र महत्वको बारेमा अभिभावकलाई प्रशिक्षि गराउनु पर्छ ।

### ५.२.३ अनुसन्धान तह

अध्ययनको क्रममा केहि महत्वपूर्ण तथ्यहरू अगाडि आएका छन । तल उल्लेखीत विषयहरूमा थप अनुसन्धानको आवश्यकता देखिएको छ :

१) सामुदायिक विद्यालयको छात्रवृति कार्याक्रमलाई तहगत र कक्षागत रूपमा गरिनु पर्दछ ।

२) आर्थिक सामाजिक रूपमा पछिपरेका परिवरका लागि छात्रवृति प्रदान गरिनु पर्छ ।

३) छात्रवृति समय सापेक्ष वृद्धी गर्नुपर्छ ।

# सन्दर्भ सामग्रीहरु


अधिकारी र पौडेल(२०६६), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाण्डौं, आशिष पुस्तक भण्डार ।

अर्याल, वैकुण्ठप्रसाद र साथीहरु (२०६४), *शैक्षिक विकासका विविध पक्षहरु* , काठमाण्डौं:, मकालु प्रकाशन ।

कार्की, भक्तवहादुर (२०६५), *झापा जिल्लाका सामुदायिक विद्यालयमा ५०% छात्रा छात्रवृत्तिले खुद भर्ना दरमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र ।

कोइराला र श्रेष्ठा (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* , काठमाण्डौं:, विद्यार्थी पुस्तक भण्डार ।

खनाल , पेशल(२०६१), *शैक्षिक अनुसन्धान पद्धती,* काठमाण्डौं:, छात्रवृत्ति वितरण निर्देशिका, शिक्षा विभाग २०६३ ।

पाण्डे, रेनुका (२०६३), *वाग्लुङ जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलव्धीमा पारेको प्रभाव,* त्रि.वि.शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह, सुर्खेत व. क्याम्पस, अप्रकाशित शोधपत्र ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रकृया र नेपालमा शिक्षा,* काठमाण्डौं प्रतिमा पुस्तक भण्डार ।

वलाइर, भोजवहादुर(२०६४), *शिक्षामा सहभागितात्मक अनुगमन,* शैक्षिक स्मारिका, शिक्षा विभाग , काठमाण्डौं ।

भावुक, परजीवि (२०६५), *नेपालमा योजनावद्ध विकास तथा तीन वर्षे अन्तरिम योजना (२०६४-६७)* काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

रावत,वमवहादुर (२०६२), *प्रथमिक विद्यालय तहमा वितरीत दलित छात्रवृत्ति प्रभावकारिता,* प्रकाशित शोधपत्र ।

शर्मा , चिरन्जीवि र निर्मला (२०५६), *शिक्षाको दर्शनशास्त्रीय आधारहरु,* काठमाण्डौं एम.के.पव्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

सेरिड(२०६०), *फर्मेटिभ अनुसन्धान,* काठमाण्डौं ।

रावत (२०५८) *प्राथमिक तहमा छात्रवृत्ति प्रभावकारिता,* काठमाण्डौं ।

पाण्डे , दामोदर(२०६१), शिक्षा विकेन्द्रीकरणको अवस्था, *हिमाल खवरपत्रिका,* २०६१ फागुन ।

# सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

## अनुसूची एक : वि.नि. र स्रोतव्यक्तिका लागि अन्तरवार्ता प्रश्नावली

नामः-

१. विद्यालय तहमा कस्ता छात्रवृत्ति कार्यक्रम आवश्यक ठान्नुहुन्छ ?

२. छात्रवृत्ति कस्ता विद्यार्थीलाई दिइनु उचित होला?

क) विपन्न ख) दलित ग) जेहेन्दार घ) अन्य

३. छात्रवृत्ति कार्यक्रमले कस्तो सामाजिक प्रभाव पारेको छ ?

४. छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीहरुले प्राप्त गर्ने लाभ के के हुन सक्छन् ?

५. विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाई कसरी सहयोग गरेको छ ?

६. छात्रवृत्ति कहिले वितरण गर्ने गरेको छ ?

क) शै.सत्रको सुरुमा ख) शै.सत्रको वीचमा ग) शै.सत्रको अन्त्यमा

७. छात्रवृत्ति कोटा के को आधारमा वितरण गर्नुहुन्छ ?

क) विद्यार्थी संख्या ख) भौगोलिक क्षेत्र ग) विवरणको उपलव्धता

८. छात्रवृत्ति कोटा वितरणमा कुनै दवाव आउने गरेको छ ?

क) छ । ख) छैन ।

९ छ भने क-कसबाट आउने गरेको छ ?

क) अभिभावक ख) विद्यार्थी ग) राजनैनिक संगठन घ) अन्य

१०. छात्रवृत्ति वितरणका आधारहरु उपयुक्त छन् ?

क) छन । ख) छैनन् । ग) अन्य

११. उक्त आधारहरु उपयुक्त नभए कुन आधारमा गरिनु पर्ला ?

क) दलित ख) भौगोलिक क्षेत्र ग) विद्यार्थी उपलव्धी घ) अन्य

१२. छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

क) छ । ख) छैन ।

१३. विद्यालयहरुले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेका छन् ?

क) छन् । ख) छैनन् ।

१४. छात्रवृत्ति सदुपयोग भए नभएको अनुगमन गर्ने संयन्त्र वनाउनु भएको छ ?

क) छ । ख) छैन ।

१५. छात्रवृत्ति कार्यक्रम प्रति तपाईं सकारात्मक हुनुहुन्छ ?

क) छु । ख) छैन । ग) अन्य ।

१६. वर्तमान वितरित छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ । ख) लाग्दैन ।

१७. छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

क) नगद । ख) जिन्सी ।

१८. छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसले गर्नु पर्दछ ?

क) शिक्षकले ख) वि.व्य.स.ले ग) अन्य

१९. छात्रवृत्ति सदुपयोग भएको पाउनु भएको छ ?

क) छ । ख) छैन । ग) आंशिक ।

२०. छैन भने कसबाट दुरुपयोग भएको वुभ्mनु भएको छ ?

क) अभिभावक ख) प्र.अ. ग) विद्यार्थी घ) अन्य

२१. छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरु के के हुन् ?

२२. त्यस्ता समस्याको समाधान गर्न यहाँका सुझावहरु के के हुन् ?

२३. छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरु के के होलान् ?

क) सकारात्मक पक्ष :-

ख) नकारात्मक पक्षः-

# सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

## अनुसूची दुई : वि.व्य.स. सदस्य तथा अभिभावकहरुका लागि प्रश्नावली

नामः- ठेगानाः-

१.विद्यालय तहमा छात्रवृत्ति आवशयक छ ?

क) छ । ख) छैन ।

२. छ भने कसलाई दिइनु पर्दछ ?

क) विद्यार्थी ख) अभिभावक ग) अन्य

३. छात्रवृत्ति कार्यक्रमले सामाजिक स्तर वृद्धि गरेको छ ?

क) छ । ख) छैन ।

४. छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीले कस्ता लाभहरु प्राप्त गर्न सक्छन् ?

५. छात्रवृत्ति कहिले वितरण गर्दा राम्रो हुन्छ ?

क) शै.सत्रको सुरुमा ख) शै.सत्रको वीचमा ग) शै.सत्रको अन्त्यमा

६. छात्रवृत्ति कोटा के को आधारमा वितरण गर्नु पर्दछ ?

क) विद्यार्थी संख्या ख) भौगोलिक क्षेत्र

७. छात्रवृत्ति कोटा वितरणमा कुनै पक्षपात हुन्छ ?

क) हुन्छ । ख) हुदैन । ग) थाहा छैन ।

८. हुन्छ भने कसबाट हुने गरेको छ ?

क) राजनैतिक संगठन ख) विद्यालय परिवार

९.छात्रवृत्ति वितरणका आधारहरु उपयुक्त छन् ?

क) छन् । ख) छैनन् । ग) थाहा छैन ।

१०. उक्त आधार उपयुक्त नभए कुन आधारमा गरिनु पर्ला ?

११. छात्रवृत्ति लक्षित वर्ग सम्म पुगेको छ ?

क) छ । ख) छैन ।

१२. विद्यालयले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेको छ ?

क) छ । ख) छैन ।

१३. छात्रवृत्ति रकम प्रति सकारात्मक हुनुहुन्छ ?

क) छु । ख) छैन । ग) अन्य ....

१४. छात्रवृत्ति कार्यक्रम प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु । ख) छैन । ग) अन्य ....

१५. छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ । ख) लाग्दैन ।

१६. छात्रवृत्ति रकम उपयुक्त छैन भने के गर्नु पर्ला ?

क) वढाउनु पर्छ । ख) कमगर्नु पर्छ । ग) अन्य ......

१७. छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी होला ?

क) नगद । ख) जिन्सी

१८. छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्छ ?

क) शिक्षक स्टाफ ख) वि.व्य.स. ग) अन्य ।

१९. छात्रवृत्ति सदुपयोग भएको पाउनु भएको छ ?

क) छ । ख) छैन । ग) अन्य ।

२०. छैन भने कसबाट दुरुपयोग भएको पाउनु भएको छ ?

क) विद्यार्थीबाट । ख) प्र.अ.बाट ग) अभिभावकबाट ।

२१. छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरु के के हुन् ?

२२. त्यस्ता समस्याहरुको समाधान गर्न यहाँ के के सुझावहरु दिनुहुन्छ ?

२३. छात्रवृत्ति कार्यत्रमका सकारात्मक पक्षहरु के के हुन सक्छन् ?

२४. छात्रवृत्ति कार्यक्रममा नकारात्मक पक्षहरु के के हुन सक्छन् ?

# सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

## अनुसूची तीन : प्र.अ. र शिक्षकका लागि प्रश्नावली

नामः-

पदः-

१. विद्यालय तहमा छात्रवृत्ति आवश्यक छ ?

क) छ । ख) छैन ।

२. छ भने कसलाई आवश्यक छ ?

क) विपन्न ख) दलित ग) जेहेन्दार ग) अन्य

३. छात्रवृत्ति कार्यक्रमले कस्तो सामाजिक प्रभाव पारेको छ ?

४. कस्ता कस्ता छात्रवृत्ति कार्यक्रम रहेका छन् ?

५ छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीहरुले के कस्ता लाभहरु प्राप्त गर्न सक्छन् ?

६. तपाईंको विद्यालयमा छात्रवृत्ति नियमित आउँछ ?

क) आउँछ । ख) आउँदैन । ग) अन्य

७. छात्रवृत्ति कहिले वितरण गर्ने गरेको छ ?

क) शै.सत्रको सुरुमा ख) शै.सत्रको वीचमा ग) शै.सत्रको अन्त्यमा

८. छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसरी गर्नु हुन्छ ?

क) स्टाफ वैठकले ख) वि.व्य.स. ले ग) अन्य

९.छात्रवृत्ति वितरण गर्दा कुनै दवाव आउने गरेको छ ?

क) छ । ख) छैन ।

१०. छ भने कसबाट आउने गरेको छ ?

क) अभिभावकबाट ख) राजनैतिक संगठनबाट ग) अन्य

११. छात्रवृत्ति वितरणका आधारहरु उपयुक्त छन् ?

क) छन् । ख) छैनन् । ग) अन्य

१२. उक्त आधार उपयुक्त नभए कुन आधारमा गरिनु पर्ला ?

क) भौगोलिक क्षेत्र ख) विद्यार्थी उपलव्धी ग) अन्य

१३. छात्रवृत्ति लक्षित वर्ग सम्म पुगेको छ ?

क) छ । ख) छैन ।

१४. विद्यालयले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेको छ ?

क) छ । ख) छैन ।

१५. छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक हुनुहुन्छ ?

क) छु । ख) छैन । ग) छैन ।

१६. छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ । ख) लाग्दैन ।

१७. छात्रवृत्ति रकम उपयुक्त लाग्दैन भने के गर्नु पर्ला ?

क) वढाउनु पर्छ । ख) कम गर्नु पर्छ ग) अन्य

१८. छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

क) नगद । ख) जिन्सी

१९. छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्छ ?

क) शिक्षक स्टाफ ख) वि.व्य.स. ग) अन्य

२०. छात्रवृत्ति सदुपयोग भएको पाउनु भएको छ ?

क) छु । ख) छैन । ग) अन्य ।

२१. छैन भने कसबाट दुरुपयोग भएको छ ?

क) विद्यार्थी ख) अभिभावक ग) अन्य

२२. छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरु के के छन् ?

२३. त्यस्ता समस्याहरु समाधान गर्न यहाँको सुझाव के के हुन सक्छ ?

क( सकारात्मकः-

ख) नकारात्मक :-

## सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

## अनुसूची चार : लक्षित समुह छलफलका लागि प्रश्नावली

१) छात्रवृत्ति कार्यक्रमले विद्यार्थीलाई के कस्तो लाभ पुगेको छ ?

२. तपाईंहरुलाई विद्यालयमा विररित छात्रवृत्तिका वारेमा के कति थाहा छ ?

३. विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाई कसरी सहयोग गरेको छ ?

४. तपाईंको विद्यालयमा नियमित आउँछ ?

५. छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसरी गर्नु हुन्छ ?

६. छात्रवृत्ति वितरणमा कुनै दवाव आउने गरेको छ ?

७ छात्रवृत्ति  कोटा के का आधारमा वितरण हुन्छ ?

८. छात्रवृत्ति  वितरणका आधारहरु उपयुक्त छन् ?

९. उक्त आधारहरु उपयुक्त नभए कुन आधारमा गरिनु पर्ला ?

१०. छात्रवृत्ति  लक्षित वर्गसम्म पुगेको छ ?

११. विद्यालयले छात्रवृत्ति  रकम सही समयमा वितरण गरेको छ ?

१२. छात्रवृत्ति  कार्यक्रम प्रति सकारात्मक हुनु हुन्छ ?

१३. छात्रवृत्ति  रकम उपयुक्त लाग्छ ?

१४. . उपयुक्त लाग्दैन भने के गर्नु पर्ला ?

१५. छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

१६. छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसले गर्नु पर्ला ?

१७. छात्रवृत्ति दुरुपयोग भएको पाउने भएको छ ?

१८. पाउनु भएको भए कसबाट भएको होला ?

१९. छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरु के के छन् ?

२०. त्यस्ता समस्याहरुको समाधान गर्न यहाँका सुझावहरु के के छन् ?

२१. छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरु के के छन् ?

# सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

## अनुसूची पाँच : नमुनामा परेका विद्यालय विवरण

| क.सं. | विद्यालयको नाम , ठेगाना | प्र.अ. | शिक्षक | वि.व्य.स. अध्यक्ष | अभिभावक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सिंहवाहिनी उ.मा.वि, म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| २ | सारदा नि.मा.वि म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| ३ | आदर्श प्रा.वि म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| ४ | लक्ष्मी प्रा.वि. म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| ५ | सार्वजनिक प्रा.वि. म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| ६ | रानी पोखरी प्रा.वि. म्याङ्लुङ | १ | १ | १ | १ | ४ |
| ७ | म्याङ्लुङ स्रोतकेन्द्रका स्रोतव्यक्ति | | | | | १ |
| ८ | विद्यालय निरीक्षक जि.शि.का. | | | | | १ |
| जम्मा | | | | | | २६ |